**लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं**

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं।
- कानूनी शासन सुनिश्चित गरौं।
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं।
- लोकतन्त्र दिवस भव्य र सभ्य रूपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ३५० | काठमाडौं | बिहीबार, ६ वैशाख २०८१ | Prabhab National Daily | Thursday, April 18, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

इलाम-२ मा चुनावी सरगर्मी

# गीतमार्फत भोट तान्ने होड



एकदेव थेगिम



सुनिता थेगिम



रमेश प्रसाईं

■ जेबी योञ्जन

**काठमाडौं–** इलाम क्षेत्र नं. २ को माहोल यतिबेला निर्वाचनमय छ। यही १५ वैशाखमा हुने उपनिर्वाचनका लागि दलका उम्मेदवारदेखि स्वतन्त्र उम्मेदवारसम्म मतदातासँग मत माग्न व्यस्त छन्। उनीहरूले मतदातालाई आकर्षित गर्न विभिन्न शैली अपनाएका छन्। जसमा अधिकांशले गीतलाई प्रयोग गरेको देखिन्छ।

पहिचान पक्षधर साझा उम्मेदवार डकेन्द्रसिंह थेगिमको चुनावी प्रचार शैली अलिक भिन्न र रोचक छ। उनको चुनावी प्रचारको माहोल सांगीतिक छ। चुनावी कार्यक्रमहरूमा गीत घन्किन्छन्। मतदाताहरू झुम्मिएर नाच्छन्। सांगीतिक माहोल बनाएर डकेन्द्र मतदातासँग भोट माग्छन्। गीत गाउनेचाहिँ छोरा एकदेव र छोरी सुनिता हुन्। देशको राष्ट्रिय झण्डा ओढेर उनीहरू बुबा डकेन्द्रका लागि मत मागिरहेका देखिन्छन्।

सुनिताले चुनावी कार्यक्रममा अधिक गाउने गीत 'बिनायो कडकड' हो। अनि, 'कालो चेस्मा रेलिमाई' गीत पनि चुनावी प्रचारमा सुनिन्छ। सुनिताका यी दुवै गीत पछिल्ला दुई वर्षमा अधिक रुचाइएका हुन्।

- डकेन्द्रलाई छोरा एकदेव र छोरी सुनिताले गीत गाउँदै भोट माग्दै
- एमाले, कांग्रेस, रास्वपालगायतका उम्मेदवार पनि गीतकै सहारा लिँदै
- गीतबाट एजेण्डा भन्दा लक्षित मतदाताले बुझ्ने विश्वास
- आफ्ना उम्मेदवारलाई जिताउन दलका शीर्ष नेताहरु इलाममा

दाजु एकदेव पनि बुबा डकेन्द्रको चुनावी प्रचारमा आफ्ना चर्चित गीत गाइरहेका देखिन्छन्। 'चल्यौ हावा मनै सिरिरी मनै उडाउन'लगायत गीतहरू गाउँछन्। झट्ट हेर्दा सानोतिनो कन्सर्ट आयोजना गरेर भोट माग्ने काम भइरहेको छ। जसले गर्दा डकेन्द्रका चुनावी कार्यक्रममा मानिसहरूको भीडभाड देखिन्छ। पहिचान पक्षधर राजनीतिक दल र सामाजिक संघसंस्थाका ४१ वटा घटकको समर्थन पाएका डकेन्द्र पूर्वशिक्षक हुन्। उनलाई किरात धर्मगुरु आत्मनन्द लिङ्देनको नैतिक समर्थन रहेको बताइन्छ। प्रदेशको नाम कोशीलाई लिएर आन्दोलित भएको प्रदेश भएकोले पहिचान पक्षधर सबै शक्तिका साझा उम्मेदवार बनेको दाबी उनी पक्षको छ।

अर्कोतिर गायक गायिका छोराछोरीले चुनावमा मतदाता झुम्मिने माहोल बनाइरहेका छन्। केही दिनअघि मात्रै डकेन्द्रले प्रभावसँगको संक्षिप्त कुराकानीमा भनेका थिए, 'चुनाव जित्न अप्ठ्यारो छँदै छैन। जता गयो त्यतै जनताका हाम्रा पछि छन्।' डकेन्द्रसँगै सांगीतिक माहोल बनाएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार मिलन लिम्बूले पनि मत मागिरहेका छन्।

(क्रमशः पृष्ठ २ मा)

# सुदूरपश्चिममा सरकार गठन अन्योलमा

## एकीकृत समाजवादीका दीर्घ सोडारीप्रति एमालेको 'रेड सिग्नल'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुदूरपश्चिम प्रदेशमा नयाँ सरकार गठन फेरि अनिश्चित बनेको छ। प्रदेश प्रमुख नजिर मियाँले नयाँ सरकार गठनका लागि थपेको दोस्रोपटकको समय आज सकिँदै छ। तर सत्ता गठबन्धनमा मुख्यमन्त्री कसलाई बनाउने भन्ने विषयमा सहमति हुन नसक्दा नयाँ सरकारबारे अन्योलता छाएको हो।

कांग्रेसबाट मुख्यमन्त्री बनेका कमलबहादुर शाहले चैत २२ गते राजीनामा दिएपछि प्रदेश प्रमुख मियाँले संविधानको धारा १६८ का उपधारा २ बमोजिम नयाँ सरकार गठनका लागि १० दिनको समय दिएका थिए। उक्त अवधिमा नागरिक उन्मुक्ति पार्टीका दुईजना लक्ष्मणकिशोर चौधरी र कैलाश चौधरीको मुख्यमन्त्रीमा दाबी परेको थियो।

त्यसपछि प्रदेश प्रमुख मियाँले सनाखत गरी मुख्यमन्त्री बनाउने संकेत गरेका थिए। यद्यपि मंगलबार एकीकृत समाजवादीले लक्ष्मणकिशोरलाई दिएको समर्थन फिर्ता लिएपछि दुवै दाबीलाई बदर गर्दै दुई दिन समय थप गरेका हुन्। गठबन्धनमा दीर्घ सोडारीलाई मुख्यमन्त्री बनाउने सर्तमा एकीकृत समाजवादीले लक्ष्मणकिशोरलाई दिएको समर्थन फिर्ता लिएको थियो।

सोही सहमतिअनुसार बुधबार बिहानै दीर्घलाई मुख्यमन्त्रीको उम्मेदवार बनाउने तयारी थियो। तर नेकपा एमालेले उक्त प्रस्ताव अस्वीकार गरेसँगै एकीकृत समाजवादी अन्योलमा परेको छ।

ओली एकीकृत समाजवादीसँग रुष्ट



दीर्घ सोडारी



केपी शर्मा ओली

- नागरिक उन्मुक्तिका दुई जनाको दाबी परेपछि सत्ता गठबन्धनमा एकीकृत समाजवादीका दीर्घ सोडारीलाई अघि बढाउने सहमति जुटेको थियो
- दीर्घ विवादित पात्र भन्दै एमालेले उनलाई मुख्यमन्त्री स्वीकार नगर्ने संकेत गरेसँगै गठबन्धनमा पुनः संकट
- सत्ता गठबन्धनबाट दाबी पेस हुन नसके संविधानको धारा १६८ (३) अनुसार प्रदेशसभाको सबभन्दा ठूलो दल नेपाली कांग्रेसका संसदीय दलका नेता कमलबहादुर शाह मुख्यमन्त्री नियुक्त हुने

एमाले सुदूरपश्चिमका नेताहरूका अनुसार दीर्घसँग एमाले अध्यक्ष केपी शर्मा ओली रुष्ट छन्। २०७८ भदौमा एमाले फुट्दा सोडारीले सुदूरपश्चिम प्रदेशसभाका बहुमत सांसदलाई एकीकृत समाजवादीमा ल्याएका थिए। पार्टी एक हुँदा २५ सांसद रहेको एमालेबाट १४ जना एकीकृत समाजवादीतिर लागेका थिए।

यतिमात्र हैन यसपटक पनि आफूलाई मुख्यमन्त्री बनाउन एमाले तयार नदेखिएपछि कांग्रेससँग मिलेर सोडारीले नागरिक उन्मुक्तिका लक्ष्मणकिशोरलाई समर्थन गरेका थिए। त्यसपछि रुष्ट ओलीले माधवकुमार नेपाल नेतृत्वले 'नांगो नाच देखाएको' आरोप लगाएका थिए। 'सही दिशामा राजनीति फर्किँदै थियो। त्यसमा आन्तरिक रूपमा विपक्षीहरूमा आशा पलाउनेगरी जनतामा आशंका, निराशा पैदा हुनेगरी कदम चाल्यो। आन्तरिक रूपमा त्यसका बोली व्यवहार र बार्गेनिङ त्यस्तो छँदै थियो,' ओलीले भनेका थिए, 'यस समीकरणबाट नागरिक उन्मुक्तिलाई समर्थन नगर्ने। कांग्रेस केन्द्रित समीकरणबाट नागरिक उन्मुक्तिलाई समर्थन गर्ने। एकीकृत समाजवादी पार्टीको दक्षिणपन्थी चरित्र नांगो ढंगले प्रकट भयो। कम्युनिस्ट साइनबोर्ड राख्ने, अगाडि नेकपा राख्ने, कामचाहिँ दक्षिणपन्थीको पक्षमा गर्ने।'

त्यसपछि एकीकृत समाजवादीका नेता झलनाथ खनालले मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेटेपछि सुदूरपश्चिममा सरकार गठनको नयाँ मोड तय भएको थियो। तर एमालेले दीर्घलाई समर्थन नगर्ने संकेत देखिएपछि सुदूरपश्चिम प्रदेशका एकीकृत समाजवादीका नेताहरू केन्द्रसँग रुष्ट बनेका थिए। 'केन्द्रबाटै कुनै निर्णय नआउँदा सरकारमा दाबी अलमलमा परेको हो,' एकीकृत समाजवादीका संसदीय दलका उपनेता प्रकाश रावलले भनेका थिए।

लगत्तै एकीकृत समाजवादीले दिउँसो सचिवालय बैठक राख्यो र सुदूरपश्चिममा संसदीय दल नेता सोडारीलाई मुख्यमन्त्रीको उम्मेदवार बनाउने निर्णय गर्‍यो।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

# मलेसियामा अवैधरूपमा बसेकालाई स्वदेश फर्किने अवसर

■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसिया सरकारले अवैधरूपमा बसिरहेका आप्रवासी कामदारलाई सहज तरिकाबाट स्वदेश फिर्तीको अवसर दिएको छ। मलेसियाले विभिन्न कारणले कानुनी हैसियत गुमाएर अवैधरूपमा बसोबास गरिरहेका आप्रवासी कामदारलाई लक्षित गरी घर फिर्तीको कार्यक्रम ल्याएको हो।

उक्त कार्यक्रमबाट लाभ लिन मलेसियास्थित नेपाली दूतावासले गैरकानुनी रूपमा बसेका नेपालीहरूलाई आग्रह गरेको छ। मलेसियाले यही २०२४ मार्चदेखि डिसेम्बरसम्मको समयावधि दिएर गैरकानुनीरूपमा बसेका आप्रवासी कामदारलाई घर फर्किन पाउने व्यवस्था गरेको दूतावासले जनाएको छ।

नेपाली दूतावासले एउटा भिडियो सन्देश जारी गर्दै मलेसियामा विना भिसा प्रवेश गरेका वा भिसाको म्याद गुजारेर बसेका नेपालीहरूको हकमा ५०० मलेसियन रिंगिट जरिवाना तिरेर घर फर्किन सक्ने जानकारी दिएको छ। घर फर्किनका लागि पासपोर्ट नहुनेले ट्राभल डकुमेन्ट बनाउन सक्ने र हवाई टिकटको व्यवस्था गर्नुपर्ने छ। ट्राभल डकुमेन्टको लागि दूतावासमा सम्पर्क गर्न आग्रह गरिएको छ। आफूलाई पायक पर्ने अध्यागमनमा ट्राभल डकुमेन्ट वा पासपोर्टसहित निवेदन दिएपछि घर फिर्तीको मिति प्राप्त हुने छ। यसरी प्राप्त भएको मितिअनुसार १४ दिनभित्रमा घर फर्किने तयारीकासाथ हवाई टिकटको व्यवस्था मिलाउनु पर्ने दूतावासले प्रस्ट पारेको छ।

> नेपाली दूतावासले एउटा भिडियो सन्देश जारी गर्दै मलेसियामा विना भिसा प्रवेश गरेका वा भिसाको म्याद गुजारेर बसेका नेपालीहरूको हकमा ५०० मलेसियन रिंगिट जरिवाना तिरेर घर फर्किन सक्ने छन्।

अवैधरूपमा रहेका विदेशी कामदारलाई जुनसुकै बेला पनि पक्राउ गर्न सक्ने सम्भावना रहेको भन्दै दूतावासले यसलाई अवसरको रूपमा लिन नेपालीहरूलाई आग्रह गरेको छ। यसबारे विभिन्न माध्यमबाट जानकारी दिँदै आएको दूतावासले उल्लेख गरेको छ। यदि तोकिएको म्याद गुजारी अवैधरूपमा बसेको पाइए मलेसिया सरकारले जेल सजायसमेत तोक्न सक्ने बताइएको छ। मलेसिया सरकारले अवैध रूपमा बस्दै आएका तर घर फर्कन चाहने विदेशी नागरिकको सहजीकरणका लागि अध्यागमन विभागबाहेक कुनै निकाय वा व्यक्तिलाई जिम्मेवारी नदिएको पनि दूतावासले प्रस्ट पारेको छ।

मलेसिया नेपालीहरूको प्रमुख श्रम गन्तव्यमध्येको एक हो। त्यहाँ चार लाखभन्दा बढी नेपाली कार्यरत हेको त्यहाँको गृह मन्त्रालयले उल्लेख गरेको छ। मलेसियामा हाल १५ हजारभन्दा बढी नेपाली अवैधरूपमा बसेको हुनसक्ने अनुमान गरिएको छ। गत आर्थिक वर्षमा नेपालीहरूको पहिलो गन्तव्य बनेको मलेसिया चालु आवमा भने चौथो स्थानमा पुगेको छ। मलेसियाले ३१ मे २०२४ देखि अर्को निर्णय नभएसम्मका लागि विदेशी कामदार भर्ना नगर्ने निर्णय गरेको छ।

# प्रभावकारी बन्दै आप्रवासी स्रोत केन्द्र

**म्याग्दी–** रोजगारीका लागि होटलमा काम गर्न सात वर्षअघि युएई गएका म्याग्दीको धवलागिरि गाउँपालिका-७ धारापानीका २७ वर्षीय इन्द्रबहादुर विक भिसा अवधि सकिएपछि दुई वर्षअघि सामान आपूर्ति गर्ने अर्को कम्पनीमा काम गर्न थालेका थिए।

होटलमा राम्रै कमाई गरिरहेका विकले भिसाको म्याद सकिएपछि थप प्रक्रिया पूरा नगर्दा नयाँ कम्पनीले सेवा सुविधा नदिएपछि बिलखबन्दमा परे। सामाजिक सञ्जालमार्फत बेनीको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरी करिब चार महिनाको प्रयासपछि विक घर फर्कन सफल भएका छन्।

'आप्रवासी स्रोत केन्द्रले प्रवासी नेपाली समन्वय समितिसँग दुबईको दूतावासमार्फत मलाई उद्धार गरेर घर फर्कने वातावरण बनाइदियो,' गत हप्ता घर फर्केका



उनले भने, 'अप्ठ्यारो र असहज अवस्थाबाट मुक्ति मिलेको महसुस गरेको छु।' बेनीमा सञ्चालन भएको आप्रवासी सहायता कक्ष वैदेशिक रोजगारसम्बन्धी समस्यामा परेका इन्द्रबहादुर जस्तै म्याग्देलीका लागि प्रभावकारी बन्दै गएको छ। ठगिएका, विदेशमा अप्ठ्यारोमा पर्नेलगायत वैदेशिक रोजगारसम्बन्धी समस्यामा परेकाका लागि सहायता कक्ष साहारा बनिरहेको हो।

वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित बनाउन श्रम तथा रोजगार मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी गत साउनदेखि जिल्ला समन्वय समितिको संयोजनमा प्रशासन कार्यालयभित्र सहायता कक्ष स्थापना भएको थियो। राहदानी बनाउन आएका व्यक्तिलाई वैदेशिक रोजगारीमा जानुअघि, विदेशमा काम गर्दा र फर्कँदा आइपर्ने कानुनी ज्ञान र विधिका बारेमा जानकारी गराउनाका साथै ठगी, उद्धार, राहत, विदेशबाट शव ल्याउन, क्षतिपूर्ति र बिमा सुविधाका लागि सहजीकरण गरिएको कक्षकी सूचना तथा परामर्शकर्ता प्रमिला पौडेलले बताइन्।

(क्रमशः पृष्ठ २ मा)



## पृष्ठ १ बाट क्रमशः

### सुदूरपश्चिममा सरकार...

'सुदूरपश्चिममा मुख्यमन्त्री पद हाम्रो भागमा परेकोले हाम्रो पार्टीले त्यहाँका संसदीय दलको नेता दीर्घ सोडारीलाई मुख्यमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको छ,' बैठकपछि पार्टीका उपमहासचिव जगन्नाथ खतिवडाले भने ।

यद्यपि एमालेको निर्णय भने आउन सकेको छैन । सरकार गठनका लागि दाबी पेस गर्न थप भएको दुई दिनको समय आज ५ बजे सकिने छ । सत्ता गठबन्धनबाट दाबी पेस हुन नसके संविधानको धारा १६८ (३) अनुसार प्रदेशसभाको सबभन्दा ठूलो दल नेपाली कांग्रेसका संसदीय दलका नेता शाह मुख्यमन्त्री नियुक्त हुने छन् ।

शाहले बुधबारमात्र प्रदेश प्रमुखले सरकार गठनमा समय थपेर असंवैधानिक कदम चालेको आरोप लगाउँदै न्यायालय जाने चेतावनी दिएका थिए । यद्यपि शाह भने संविधानको धारा १६८ (३) पर्खने तर अदालत नजाने तयारीमा रहेको बताइएको छ ।

कूल ५३ सदस्य रहेको सुदूरपश्चिम प्रदेशसभामा कांग्रेसका १८ सांसद छन् । माओवादी केन्द्रका सभामुखसहित ११, एमालेका १०, नागरिक उन्मुक्तिका सात र एकीकृत समाजवादीका चार सांसद छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का एक र स्वतन्त्र एक सांसद छन् ।

■■■

### गीतमार्फत भोट...

पार्टी सहप्रवक्ता रमेश प्रसाईंले उनको चुनावी गीत गाएका छन् । 'रिंकेबुङको राँगोले' भन्ने लयमा प्रसाईंले गाएका गीत इलाम-२ को चुनावी प्रचार अभियानमा गुञ्जिरहेको छ । उम्मेदवार लिम्बूका अनुसार गीत मतदातालाई अल्मल्याउने, रमझम गराउने सबैभन्दा प्रभावकारी विधि हो । गीतको माध्यमबाट चुनावी एजेण्डा मतदातालाई बुझाउन निकै सहज भएको अनुभव मिलनको छ ।

'हामीले आफ्नो चुनावी एजेण्डा राख्दा मतदाताको गम्भीर चासो रहँदैन,' उनले भने, 'तर, जब गीतमार्फत भनिन्छ, रोमाञ्चक वातावरणमा सहजै सम्झना हुनेगरी थाहा पाउँछन् ।'

चुनावमा मुख्य शक्ति भनिएको नेकपा एमालेका उम्मेदवार सुहाङ नेम्बाङले पनि गीतमार्फत भोट मागिरहेका छन् । उनका नातामा काकी भूमिका नेम्बाङ एमालेनिकट राष्ट्रिय जनसांस्कृतिक महासंघका कोषाध्यक्ष हुन् । महासंघकै कलाकारहरूले सुहाङलाई जिताउन विभिन्न गीत तयार गरेका छन् । सुहाङका चुनावी कार्यक्रमहरूमा उनका एजेण्डा उल्लिखित गीतहरू बज्न थालेका छन् । यहीबीच पार्टीका अध्यक्ष केपी शर्मा ओली बुधबार इलामको देउमाई नगरपालिका पुगे । युवा उम्मेदवार भन्दै सुहाङलाई जिताएर संसद् पठाउन आग्रह गरे ।

नेपाली कांग्रेसका उम्मेदवार डम्बर खड्का, नेकपा एकीकृत समाजवादीका उम्मेदवार जितबहादुर राई, राष्ट्रिय प्रजातान्त्र पार्टी (राप्रपा)का उम्मेदवार लक्ष्मी गुरुङ पनि सांगीतिक माहोलमै भोट मागिरहेका छन् । अन्य उम्मेदवारहरूको पनि प्रचार शैली त्यस्तै छ। चुनावको प्रचार समय भने अब एक साता बाँकी छ । मतदानको मिति १५ वैशाखलाई तय गरिएको छ । यसलाई ध्यानमा राख्दै आयोजित चुनावी कार्यक्रमले 'मिनी कन्सर्ट'कै झल्को दिइरहेको उक्त निर्वाचन क्षेत्रका स्थानीय बताउँछन् । इलाम-२ मा राजनीतिक दल र स्वतन्त्र गरी १९ जना चुनावी मैदानमा छन् ।

#### ठूला नेताबाट भोट मगाउने होड

उत्तरी नाका ओलाङचुङगोला पुगेर फर्किएपछि एमाले अध्यक्ष केपी शर्मा ओली बुधबार सीधै देउमाई नगरपालिका गए । जहाँ सुहाङको चुनावी कार्यक्रम थियो । त्यहाँ पुगेर ओलीले सुहाङलाई नजिताए पाप लाग्ने र त्यसले पिराउने बताए । ओलीभन्दा अघि कांग्रेसका नेता डा. शेखर कोइराला इलाम गएका थिए । उनले किरात धर्मगुरु आत्मनन्द लिङ्देनसँग भेटेर सहयोग गरिदिन आग्रह गरेका थिए ।

रास्वपाबाट पनि त्यहाँ पार्टी सभापति तथा गृहमन्त्री रवि लामिछाने, श्रममन्त्री तथा उपसभापति डोलप्रसाद अर्याल आफ्ना उम्मेदवार लिम्बूलाई मत माग्न इलाम पुगे । राप्रपा उम्मेदवार गुरुङका लागि पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलगायत चुनावी क्षेत्रमा पुगे । यसरी ठूला नेताहरूको उपस्थितिमा चुनावी माहोल बनाउन उम्मेदवारहरू केन्द्रित भएको देखिएको छ । नतिजा कसको पक्षमा जान्छ, त्यो भने प्रतीक्षा गर्नैपर्छ ।

■■■

### प्रभावकारी बन्दै....

'सहायता कक्ष स्थापना भएदेखि चार हजार जनालाई परामर्श, ३९ वटा समस्याको सुनुवाइ, ४९ लाख ९१ हजार रूपैयाँ सहायता प्रदान र ठगिएको रकम असुल उपर गरिएको छ,' उनले भनिन्, 'समस्यामा परेकालाई सामाजिक सञ्जाल, इमेल र फोनमार्फत सम्पर्क गर्ने व्यवस्था मिलाएका छौं ।'

विदेशमा अप्ठ्यारोमा परेका चारजनाले सम्पर्क गरेकामा सबैको उद्धार भएको सूचना तथा परामर्शकर्ता पौडेलले जानकारी दिइन् । उनका अनुसार वैदेशिक रोजगारसम्बन्धी ठगीका १९ वटा उजुरी परेकामा दुईवटाको समाधान भएको छ । विदेशमा मृत्युवरण गरेका दुईजनाका आश्रित परिवारलाई २१/२१ लाख रूपैयाँ आर्थिक सहायता प्रदान गरिएको छ । विदेशमा दिवंगत भएका दुईजनाको शव ल्याइएको र दुईजनालाई बिमा सुविधाका लागि सहजीकरण गरिएको छ । तीनजनाको मृत्यु सान्त्वना राहतका लागि निवेदन प्राप्त भएकामा सबै प्रक्रियामा रहेका परामर्शकर्ता पौडेलले बताइन् ।


वैदेशिक रोजगारीका क्रममा विदेशमा ज्यान गुमाएकाका छोराछोरीलाई उपलब्ध गराइने छात्रवृत्ति सुविधाका बारेमा समुदायस्तरमा जानकारी नपाएकाले कमैमात्र निवेदन आएको सूचना तथा परामर्शकर्ता पौडेलले बताइन् । उनका अनुसार ४१ जनालाई छात्रवृत्तिका लागि स्थानीय तहसँग समन्वय गरिएको छ भने विदेश जान चाहने ३७ जनालाई विभिन्न सीपमूलक तालिम प्रदान गरिएको छ ।

वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका लागि आप्रवासीहरूले व्यहोर्नुपर्ने सास्ती, झन्झट र समस्या न्यूनीकरण गर्न आप्रवासी स्रोत केन्द्रबाट सहयोग पुगेको जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापाले बताए ।

'वैदेशिक रोजगारीमा गएका र समस्यामा फसेका वा उतै मृत्युवरण गरेका आप्रवासीका परिवारलाई कानुनी सहायता लिने विधिसम्बन्धी परामर्श दिनका लागि सहायता कक्षमा दुईजना कर्मचारी परिचालन गरिएको छ,' उनले भने, 'लक्षित वर्गले सही सूचना पाउन थालेका छन्भने श्रमिक तथा परिवारको आर्थिक सामाजिक सुदृढीकरण एवं सीप र उद्यमशीलतामा पहुँच बढ्न थालेको छ ।' *रासस*

# एक सातासम्मको मौसम पूर्वानुमान गर्ने तयारी

**काठमाडौं (प्रस)**– जल तथा मौसम विज्ञान विभागले अब एक सातसम्मको मौसम पूर्वानुमान गर्ने तयारी गरेको छ । विभागअन्तर्गतको मौसम पूर्वानुमान माहाशाखाले हाल तीन दिनसम्मको मात्रै मौसम पूर्वानुमान गर्दै आएको छ ।



एक सातासम्मको मौसमी अवस्था जानकारी दिँदा मौसमजन्य विपत्का घटना न्यूनीकरणमा सहयोग पुग्ने विभागको भनाइ छ । एक सातासम्मको मौसम पूर्वानुमान हुँदा किसानहरूलाई बाली लगाउन र भित्र्याउन सहज हुने अपेक्षा गरिएको छ ।

विभागका महानिर्देशक डा जगदिश्वर कर्माचार्यले एक सातासम्मको मौसमसम्बन्धी पूर्वानुमान गर्ने गरी छलफल अगाडि बढिरहेको बताएका छन् । 'अहिलेसम्म हामीले तीन दिन मौसम पूर्वानुमान गर्दै आइरहेका छौं । यसको प्रभावकारिता पनि बढ्दै जान थालेपछि एक सातासम्मको पूर्वानुमानको तयारी गरिएको हो,' उनले भने । उनले विश्वव्यापी मोडलअनुसार अगाडि बढ्न प्राविधिक र वित्तीय स्रोतको अभाव भएकाले क्षेत्रीयस्तरमा सहकार्य गरेर जान सकिने बताए । मित्रराष्ट्रहरू र अन्य मौसमसम्बन्धी क्षेत्रीय संगठनसँग सहकार्यका लागि छलफल भइरहेको उनले जानकारी दिए ।

विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीले मौसमसम्बन्धी एक सातासम्मको पूर्वानुमान गर्दा मनसुनजन्य विपद्का घटना न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । 'मौसमसम्बन्धी एक सातासम्मको जानकारी दिँदा ठूलो धनजन र हानी नोक्सानी घटाउने छ विश्वास गर्न सकिन्छ,' उनले भने, 'प्रत्येक वर्ष सर्वसाधरणले बाढी र पहिरोबाट सम्पत्तिको नोक्सान बेहोर्नुपरेको छ । सम्पत्तिको सुरक्षा गर्न प्रशस्त समय चाहिन्छ ।'


नेपाल सरकार
दावी विरोध सम्बन्धी
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Trust Nepal Overseas Pvt. Ltd. (ई.प.नं.२५९/०५८/०५९) को साविक का.म.न.पा. वडा नं. ०२** मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी **काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०४** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रोटक प्रकाशित मितिः २०८१/०१/०६**

यस कम्पनीको मिति २०७९/०७/२१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **आर्किड रिसर्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **एभोकोडो एण्ड आर्किड रिसर्ट प्रा.लि.**(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०७/२७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एभोकोडो एण्ड आर्किड रिसर्ट प्रा.लि.** (प्रा.लि.नं.५६१८/२०४९/०५०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**श्री नेपाली सेना ई.एम.ई. पोलिटेक्निक महाविद्यालय, खरिपाटी व्यारेक दरभाउपत्र आह्वानको सूचना**

दोश्रो पटक प्रकाशित मिति २०८१/०१/०६ गते

१. आ.व. ०८०/८१ को कार्यक्रम अनुसार श्री नेपाली सेना ई.एम.ई.पोलिटेक्निक महाविद्यालय, खरिपाटी स्थित कार्यालयको स्तरोन्नती कार्य गर्न सूचना नं. NA/EME/080/81/02 अनुसार e-GP System को माध्यमबाट दरभाउपत्र आव्हान गरिएको हुँदा नेपाल सरकार बाट सम्बन्धित कामको ईजाजत प्राप्त इच्छुक फर्मरकम्पनीहरुले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट http://www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

२. विद्युतिय माध्यमबाट सिलवन्दी दरभाउपत्रको अपलोड गर्नुपर्ने अन्तिम मिति २०८१/०१/२१ गतेको १२:०० बजेभित्र र खोलुवा मिति सोही दिनको १३:०० बजे उक्त पोलिटेक्निक महाविद्यालय, खरिपाटी भक्तपुरमा खोलुवा गरिनेछ साथै दरभाउपत्र सम्वन्धी कुनै थप जानकारी आवश्यक भएमा यस महाविद्यालयको मो.नं. ९८५१३३६५९४ मा सम्पर्क गर्न सकिनेछ।



नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना
**श्री वीरेन्द्र अस्पताल**
छाउनी, काठमाण्डौ

**बोलपत्र आह्वानको सूचना**

**सूचना नं. २०८०/०८१/१६**
**(पहिलो पटक सूचना प्रकाशित मिति २०८१/०१/०६ गते ।**

१. आ.व. २०८०/०८१ मा वीरेन्द्र अस्पताललाई आवश्यक IT Equipments खरिद गर्नुपर्ने भएकोले e-GP System को माध्यमबाट बोलपत्र आव्हान गरिएको छ ।

२. बोलपत्र सम्बन्धी विवरणः-

| ठेक्का नं. | कामको विवरण | बोलपत्र जमानत रकम रु. | बोलपत्र दस्तुर रु. | पेश गर्ने अन्तिम मिति | खोलुवा मिति र समय |
|---|---|---|---|---|---|
| 12/NCB/ Goods/NA-BH/ 080/81 | Purchase of IT Equipments For Ward HMIS Procedure | 55,000.00 | 3,000.00 | २०८१/०२/०७ गतेको १२:०० बजे । | २०८१/०२/०७ गतेको १३:०० बजे । |

३. थप जानकारीको लागि फोन नं. ०१-५६७०९८२ मा सम्पर्क गर्नुहोला ।



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक ३४९ वैशाख ०५ गते २०८१ मा प्रकाशित **Mass Human Resource Pvt. Ltd.** को Lot No. 303494 को **Loongsen Plastics (M) Sdn.Bhd.** को विज्ञापनमा **मलेसियामा वैदेशिक रोजगारको अवसर** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
Govt. License 938/067/068 SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

नेपाल सरकारवाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर १३६५/०७४/०७५ यस **Green Light Overseas Pvt. Ltd** मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी विरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्वन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्वन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| Name | Citizenship No | Post |
|---|---|---|
| Baburam Sharma Acharya | 5567-5582 | PRO |
| Mahendra Rai | 1818-22396-7719 | PRO |
| Uttam Rai | 02-02-73-00123 | Office Helper |

GREEN LIGHT OVERSEAS PVT. LTD 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

वैशाख ६ गते २०८१, बिहीबार

- **मेष** राज्य र समाजबाट सहयोग मिल्नेछ ।
- **वृष** चिताएको र गरेको कार्यमा सफलता पाइनेछ ।
- **मिथुन** सामान हराउने वा चोरी हुने भय छ ।
- **कर्कट** कार्य सम्पादनमा सहजता मिल्नेछ ।
- **सिंह** मानसिक चिन्ता बढेपनि श्रमको उचित मल्यांकन हुनेछ ।
- **कन्या** घरको सामान्य मनोरञ्जनमा सहभागिता भइनेछ ।
- **तुला** प्रेम सम्बन्ध कसिलो हुँदै जानेछ
- **वृश्चिक** परिवारसँग समय बिताउने अवसर जुट्नेछ ।
- **धनु** वैदेशिक कारोबारमा अधिक सफलता मिल्नेछ ।
- **मकर** प्रेमी र प्रेमिकाको सहयोग मिल्नेछ ।
- **कुम्भ** नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ ।
- **मीन** स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख ६ गते, २०८१, १८ अप्रिल, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिँगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# अभिभावकको प्रयासमा सुधारिएको सामुदायिक विद्यालय



**धरान–** सरकारको मात्र मुख नताकी विद्यालय आफ्नै प्रयासमा पनि सुधार गरी अभिभावक र विद्यार्थी आकर्षित हुन्छन् भन्ने उदाहरण बनेको छ, धरान उपमहानगरपालिका-१२ स्थित 'पब्लिक हाइस्कुल' ।

धरानकै अन्य विद्यालयमा विद्यार्थीको संख्या घटिरहेका बेला पब्लिकमा भने बर्सेनि विद्यार्थी बढेका बढ्चै छन् । विद्यार्थीको चाप अत्यधिक भएपछि विद्यालयले हरेक वर्ष प्रवेश परीक्षाबाट छनोट गरेर क्षमताअनुसारका मात्र विद्यार्थी भर्ना गर्ने गरेको छ ।

नयाँ शैक्षिकसत्रमा भर्ना हुने विद्यार्थीको संख्या दोब्बरभन्दा बढी भएपछि विद्यालयमा मंगलबार प्रवेश परीक्षा सञ्चालन भयो । विद्यालयले नर्सरीदेखि कक्षा ९ सम्म जम्मा ३१४ विद्यार्थीका लागि भर्ना आह्वान गरेकोमा प्रवेश परीक्षामा ७१२ जना सहभागी भएको विद्यालयका संयोजक वीरेन्द्रबहादुर साहले जानकारी दिए । मंगलबार पब्लिक हाइस्कुलमा आफ्ना सन्तानलाई प्रवेश परीक्षाका लागि ल्याउनेमा इटहरीस्थित सिबी कलेजका प्रिन्सिपल सागर भट्टराई पनि एक हुन् । उनले पब्लिकमा पढाइ राम्रो भएकाले छोरालाई भर्ना गराउन चाहेको बताए । उनले भने, 'पहिला आफूले पढाएका धेरै विद्यार्थी अहिले यहि विद्यालयमा शिक्षक छन्, उनीहरूप्रतिको विश्वासले पनि दिल्ली पब्लिक स्कुलबाट छोरालाई यहाँ ल्याउन चाहेको हुँ ।'

धरानका सुदर्शन श्रेष्ठले पनि निजी विद्यालयमा पढिरहेका छोरालाई पब्लिकमा प्रवेश परीक्षाका लागि ल्याएका थिए । उनले सो विद्यालयमा पढाइरहेका अन्य अभिभावकले पढाइ राम्रो रहेको बताएपछि आफूले पनि ल्याउन चाहेको जानकारी दिए । अभिभावक प्रविना लिम्बूले सामुदायिक विद्यालय भए पनि पब्लिकमा गाडी र अन्य धेरै सुविधा पनि भएकाले आफू आकर्षित भएको बताए । त्यस्तै राधिका कार्कीले पनि विभिन्न विषयको पढाइ हुने जानकारी पाएर यही विद्यालयमा भर्ना गर्न चाहेको बताए ।

विद्यालयका शिक्षक-अभिभावक संघ अध्यक्ष राजेन्द्र किरातीले विद्यालयले अभिभावकसँग पटक-पटक छलफल र सहकार्य गरेर पठनपाठनमा सुधार गर्दै लगेका कारण अभिभावकहरूको आकर्षण बढेको बताउनु भयो । उन भन्छन्, 'पहिला यो विद्यालय पनि अन्य सामुदायिक विद्यालयभन्दा फरक थिएन तर जब विद्यालयले अभिभावकसँग समस्या राखेर समाधानको बाटो खोज्यो त्यसपछि अभिभावककै सहयोगमा विद्यालय चलिरहेको छ । हामी अभिभावक पनि खुसी छौं ।'

विद्यालयले विद्यार्थीका अभिभावकसँग आर्थिक सहयोग जुटाएर विभिन्न सुविधा थप गरिरहेको छ । पब्लिकसँग हाल छ वटा विद्यालय बस छन् । ल्याब, पुस्तकालय तथा मन्टेश्वरी कक्षा पनि सञ्चालन छ ।

विद्यालयका प्रधानाध्यापक डा. इन्द्रमोहन झा अभिभावकको सहयोगकै भरमा विद्यालयको स्वरूप परिवर्तन भएको बताउँछन् । उनका अनुसार विद्यालयमा शिक्षक र कर्मचारी गरेर हाल १९२ जना कार्यरत छन् । त्यसमध्ये जम्मा ४० जनाको मात्र सरकारले तलब दिन्छ । बाँकीलाई अभिभावकसँग सहयोग जुटाएर तलबको व्यवस्थापन गरिएको छ । उनी भन्छन्, '१० वर्षअघिसम्म यो विद्यालय पनि अरू सामुदायिक विद्यालयभन्दा फरक थिएन । गुणस्तर कमजोर थियो । हामीले अभिभावक र सरोकारवालासँग छलफल गरेर सुधारको प्रयास गर्दा अभिभावकले सहयोग गरे । अहिले त्यसैको भरमा चलेका छौं ।'

विद्यालयमा नर्सरीदेखि कक्षा १२ सम्म जम्मा तीन हजार ५०० हाराहारी विद्यार्थी छन् । यो विद्यालयलाई सरकारले नमूना विद्यालयका रूपमासमेत छनोट गरेको छ । यसपटकबाट सरकारले विज्ञान पठनपाठनका लागि कार्यक्रम सञ्चालन गर्न पब्लिकलाई पनि छनोट गरेको छ । विद्यालयमा हाल इलेक्ट्रिकल इञ्जिनियरिङ, कम्प्युटर साइन्स, कम्प्युटर म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट, ब्युटिसियन कक्षासमेत सञ्चालन भइरहेका छन् । हाल नर्सरीदेखि ९ कक्षासम्म अंग्रेजी माध्यम र १० देखि १२ सम्म नेपाली र अंग्रेजी दुवै माध्यमबाट पठनपाठन भइरहेको प्रधानाध्यापक डा. झाले बताए ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघको कोशी प्रदेश समिति सचिव तथा पब्लिक हाइस्कुल विद्यालय व्यवस्थापन समिति अध्यक्ष हरिबहादुर कार्की विद्यालय र अभिभावककै पहलमा शैक्षिक वातावरण सुधार गरिएका सामुदायिक विद्यालयहरूमा आकर्षण बढेको बताउँछन् । सरकारले निःशुल्क शिक्षा घोषणा गरे पनि सबै विद्यालयहरूलाई पूर्वाधारयुक्त बनाउन नसक्दा धेरैमा समस्या रहेको उनको गुनासो छ । उनी भन्छन्, 'अहिले विद्यालय र अभिभावकको सहकार्य भएका सामुदायिक विद्यालयहरूमा पठनपाठन राम्रो छ तर सरकारको मात्र भर परेर बसेका विद्यालयहरूमा विद्यार्थी संख्या घटिरहेका छन् । यस विषयमा सरकारले बेलैमा ध्यान दिनु जरुरी छ ।' *रासस*

# बालाजु बाइसधारा मेला वैशाख ११ देखि

**काठमाडौं (प्रस)–** काठमाडौंको प्राचीन धार्मिक तीर्थस्थल बालाजु बाइसधारामा पाँचदिने बालाजु बाइसधारा (ल्हुति पुन्हि) मेला यही वैशाख ११ गतेदेखि सुरु हुने भएको छ । बालाजु बाइसधारा मेला व्यवस्थापन समितिले बुधबार पत्रकार सम्मेलन गरी वैशाख शुक्ल पूर्णिमादेखि सुरु हुने बालाजु बाइसधारा मेलाको तयारी पूरा भएको जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा मेला व्यवस्थापन समितिका संयोजक गौतम प्रजापतिले यसअघि बालाजु उद्यान कार्यालयले मेला व्यवस्थापन गर्दै आए पनि यस वर्षदेखि मेला व्यवस्थापन समिति निर्माण गरी तयारी गरिरहेको बताए । 'मेलालाई व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि व्यवस्थापन समितिले काम गरिरहेको छ,' उनले भने ।

बाइसधारामा स्नान गरे मुक्तिनाथ तथा गोसाइकुण्डमा स्नान गरे बराबरको पुण्य प्राप्त हुने जनविश्वास छ । मेलालाई गत वर्षभन्दा भव्य रूपमा सम्पन्न गर्नका लागि सबै ठाउँमा पत्राचार गरिएको उनको भनाइ थियो ।

प्रहरी वृत्त बालाजुका प्रमुख, प्रहरी नायव उपरीक्षक रामकुमार दानीले मेलाका लागि आवश्यक सुरक्षा तयारी पूरा गरिसकिएको बताए । 'मेलाका समयमा कुनै पनि घटना नघटोस् भन्ने उद्देश्यले सादा पोसाकमासमेत प्रहरी परिचालन गर्न लागेका छौं,' उनले भने । ट्राफिक प्रहरी वृत्त नयाँबसपार्कका प्रमुख, प्रहरी निरीक्षक राजु भण्डारीले विगतका अनुभवलाई हेरेर ट्राफिक व्यवस्थापन चुस्त तथा दुरुस्त पारिएको बताए ।

बालाजु बाइसधारा उद्यान कार्यालयका प्रमुख निरञ्जन बस्नेतले बालाजु बाइसधारा मेलाको समयमा बालाजुका २२ वटै धारामा पानी आउने व्यवस्था मिलाइएको बताए । उक्त समयमा बालाजु बाइसधारामा जात्रासमेत लाग्ने गर्दछ । तारकेश्वर नगरपालिका, नागार्जुन नगरपालिकाका र काठमाडौं महानगरपालिका वडा नं १६ को पाँचवटा खट बालाजु बाइसधारामा आउने व्यवस्थापन समितिका सचिव विजयकुमार झाले जानकारी दिए ।

पाँच दिनसम्म चल्ने मेलामा देशभरबाट दुई लाख ३० हजार अवलोकनकर्ताको सहभागिता रहने आयोजकको अपेक्षा छ । मेलाको व्यवस्थापनका लागि काठमाडौं महानगरपालिका वडा नं १६ ले आर्थिक सहयोग गर्ने छ ।

## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८१/०१/०६)

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८०/११/२९ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, कन्टिजेन्सी र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/ WORKS-18/2080/081 | Bituminous Premix Carpet Works Of Melchaur chilaune Kadambas Bhaise Road Sector, Package-II, CSGM-9 | Subash Construction, Chautara Sindhupalchok | २९,८६,७८६.३० |

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ETHMAR AGRICULTURAL COMPANY

पुर्व स्वीकृति मिति २०८०/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०१/०५ | LT. No. 297540 | चलानी नं. ६०२१२५३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1500 | ५३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Heavy Equipment | 2 | 0 | 1800 | ६४,१९० | | | | | | | |
| 3 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,६६० | | | | | | | |
| 4 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,६६० | | | | | | | |
| 5 | Smith | 2 | 0 | 1200 | ४२,७९५ | | | | | | | |

कम्पनी : INTEGRATED FUEL COMPANY

पुर्व स्वीकृति मिति २०८०/०९/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०१/०५ | LT. No. 296740 | चलानी नं. ६०२११८११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Product Shorting Labour | 18 | 0 | 1000 | ३५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १३ गते (25th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMED ABDULLAH AL SAYEGH

पूर्व स्वीकृति मिति २०८१/०१/०४ | LT. No. 303514 | चलानी नं. ६०२१८३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 14 | 0 | 1200 | ४२,८१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Heavy Equipment | 4 | 0 | 2500 | ८९,१९५ | | | | | | | |
| 3 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६४,२२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १३ गते (25th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GARDINIA BUILDING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति २०८०/०८/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०५ | LT. No. 295964 | चलानी नं. ६०२११२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 325 | 0 | 900 | ३२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: बिर्तामोड, झापामा मितिः २०८१ वैशाख १३ गते (25th April 2024) मा हुनेछ ।
काठमाडौं, नाईल ट्रेनिङ सेन्टरमा मितिः २०८१ वैशाख १४ गते (26th April 2024) मा हुनेछ ।
शिभम ट्रेनिङ सेन्टर, धनुषामा मितिः २०८१ वैशाख १५ गते (27th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAMDAN GLOBAL PVT. LTD.**
License No. : 1563/079/080
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIF FOOD CO.WLL

पुर्व स्वीकृति मिति २०७९/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०५ | LT. No. :279218 | चलानी नं. ६०१९४७९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANERS (INDOOR) | 12 | 6 | 85 | ३६,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १३ गते (25th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASSADR HUMAN RESOURCE SERVICE COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०५ | LT. No. 297756 | चलानी नं. ६०२१२७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 40 | 0 | 1000 | ३५,४०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Labour | 50 | 0 | 1100 | ३८,९४५ | | | | | | | |
| 3 | Waiter | 10 | 0 | 1400 | ४९,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## सम्मेलनमै सीमित नबनोस् लगानी सम्मेलन

**सरकारले यही वैशाख १६ र १७ गते नेपालमा लगानी सम्मेलन आयोजना गर्दै छ । लगानी बोर्ड नेपालले यसको संयोजन गरिरहेको छ । प्रधानमन्त्री, अर्थमन्त्री, मन्त्रीदेखि सरोकारवाला निकायका अधिकारीहरू यसैको तयारीमा जुटेका छन् । हाल अमेरिका भ्रमणमा रहेका अर्थमन्त्री वर्षमान पुनले त्यहाँका लगानीकर्ताहरूसँग छलफल गरी लगानी सम्मेलनमा सहभागी हुन आग्रह गरेका छन् ।**

**यसपटकको लगानी सम्मेलनमा एक हजारभन्दा बढी लगानीकर्ता सहभागी हुने अपेक्षा सरकारको छ । सम्मेलनमा नेपालमा लगानीका लागि सम्भावित परियोजनाहरूसमेत प्रस्तुत गर्न लागिएको लगानी बोर्डको भनाइ छ । उद्योग, जलविद्युत्, सूचना प्रविधि र कृषिलाई लगानीका लागि सम्भाव्य क्षेत्रका रूपमा अघि सार्ने तयारी गरिएको छ ।**

**लगानी सम्मेलन गर्नुको मुख्य उद्देश्य विदेशी लगानीकर्तालाई नेपालमा लगानीका लागि आकर्षित गर्नु हो । यहाँ लगानीका लागि अवसर रहेका क्षेत्रहरूबारे जानकारी गराउँदै त्यसमा लगानी भित्र्याउने लक्ष्य लगानी सम्मेलनको रहेको छ । पहिलो त सम्मेलनमा सहभागिता कस्तो रहन्छ, सम्मेलनलाई विदेशी लगानीकर्ताले कसरी लिन्छन् र सम्मेलनमा सहभागी लगानीकर्ताहरूलाई नेपालमा लगानीका लागि उपयुक्त वातावरण छ भन्ने विश्वास दिलाउन सरकारले कस्तो रणनीति तथा कार्यक्रम प्रस्तुत गर्छ भन्ने महत्त्वपूर्ण पाटो रहन्छ । दोस्रो सम्मेलनमा सहभागी हुँदैमा र सम्मेलनमा सहभागीले प्रतिबद्धता जनाउँदैमा लगानी भित्रिहाल्छ भन्ने हुँदैन । किनकि विगतका सम्मेलनहरूले त्यो पाठ सिकाइसकेको छ ।**

**यसअघि सन् २०१७ र २०१९ मा आयोजना गरेका लगानी सम्मेलनहरूमा प्रतिबद्धता अनुसार लगानी नआएका उदाहरण छन् । सन् २०१७ को सम्मेलनमा १४ खर्बका परियोजनामा प्रतिबद्धता जनाइएको थियो, जसमध्ये दुई खर्बका परियोजनामात्रै नेपालमा कार्यान्वयनमा आए । त्यस्तै सन् २०१९ मा साढे १५ खर्बको प्रतिबद्धता जनाइएकामा ९० अर्बका परियोजना मात्रै कार्यान्वयनमा आएको तथ्यांक छ । त्यसैले आगामी लगानी सम्मेलनलाई परिणाममुखी बनाउन थप मिहेनत गर्नुपर्ने देखिन्छ ।**

**मुख्यतः लगानीमैत्री वातावरण बनाउने र लगानीकर्तालाई विश्वस्त बनाउने दायित्व सरकारको हो । तर, यसका लागि आवश्यक कतिपय कानुनहरू अझै बन्न नसक्दा त्यसमा चुनौती कायमै छ । मुख्य त मुलुकको राजनीति स्थिर बन्न नसक्दा पनि विदेशी लगानीकर्ताहरू विश्वस्त बन्न नसकेको देखिन्छ । लगानी गरिएका परियोजनाहरू विभिन्न कारण समस्यामा परेकाले पनि लगानीकर्ता हच्किने गरेको यथार्थ हामीमाझ छ । यी विषयमा सरकारको ध्यान जाओस् । लगानी सम्मेलन सम्मेलनमा मात्रै सीमित नबनोस् ।**

# भविष्य कथन मात्र होइन, ज्योतिष शास्त्र



**भरतमणि ज्ञवाली**

> ज्योतिषीले ग्रहको अवस्था उसको कारकत्व र दशाका आधारमा व्यक्तिको कर्मलाई दिशानिर्देश गर्ने हो भने कुनै पनि मानिस जीवनमा असफल हुँदैन । विगत, वर्तमान र भविष्यको ग्रहको गतिका आधारमा पेसा, व्यवसाय या अन्य कर्ममा ग्रहहरूको उपयोग गर्न परामर्श दिने हो भने ज्योतिषी जीवनको सच्चा मार्गदर्शक बन्छ । कुन विषयको कमीले व्यक्ति पीडित छ या कुनको अधिक प्रभावले समस्यामा छ भन्ने बुझेर कमजोरलाई बल दिने र अधिकलाई कटौती गर्ने हो भने मात्र ज्योतिष शास्त्रको सही उपयोग हुनसक्छ ।


सामान्य अर्थमा ज्योतिष ग्रहहरूको गणित हो । आकाशमा रहेका ग्रहहरूको गणितीय गति र अवस्थासँग जीवन र जगत्सँगको प्रभावको अध्ययन ज्योतिषीय अध्ययन हो । ग्रहले पदार्थमा पर्ने प्रभावको सम्बन्धलाई ज्योतिषीहरूले मसिनो गरी अध्ययन गर्छन् र प्रभावको विश्लेषण गर्छन् । त्यसका लागि नौ ग्रह, १२ राशि र २७ नक्षत्रहरूको आधार लिने गरिन्छ । यिनै २७ नक्षत्रले सिर्जना गरेको ३६० डिग्रीको अक्षांशमा ग्रह र राशिको अधिपत्य रहन्छ । नक्षत्र, ग्रह र राशिको विशेषता, ग्रहहरूको अवस्था र प्रभावको आधारमा भविष्य बताउने काम ज्योतिषीको हो । ग्रहहरूले उत्पन्न गर्ने प्रभावको पूर्वजानकारी राख्ने हुनाले ज्योतिषी केवल भविष्य बताउनेमात्र नभई भविष्यको मार्गनिर्देशक पनि हो । मानव जीवनलाई सही मार्गनिर्देश गर्ने कार्यमा ज्योतिषीहरूको अहम् भूमिका रहन्छ ।

हाम्रो समाज आफ्नो जन्मकुण्डली देखाएर भविष्य जान्न चाहन्छ । जन्मका आधारमा आफूले ल्याएको कुरा परिवर्तन हुँदैन भन्ने मनस्थितिका कारण भविष्य कस्तो होला भनेर जान्न चाहन्छ । वास्तवमा जन्मकुण्डली जीवनको मार्गनिर्देश हो र सोहीअनुसार कर्म गर्नुपर्छ भन्ने कमैलाई थाहा छ । ग्रहहरूले मानिसको जीवनमा उसको कर्मको खाका बनाइदिएको हुन्छ । धर्म, अर्थ, काम, मोक्षको स्पष्ट मार्गनिर्देश गरेका हुन्छन् । जन्मकुण्डलीमा सम्बन्धित जातक धर्म, अर्थ, काम र मोक्षमध्ये कुन क्षेत्रका अधुरा कार्य सम्पन्न गर्न आएको हो भन्ने स्पष्ट हुन्छ । तर, व्यक्तिले आफ्नो कार्मिक लक्ष्यमाभन्दा सामाजिक आधारमा आफ्नो लक्ष्य तय गर्न चाहन्छ । जीवनमा सकारात्मकता ल्याउन कार्मिक सुधार महत्त्वपूर्ण पक्ष हो । यद्यपि मानिस जीवनको लक्ष्य भौतिक उचाइमात्र ठान्छ । त्यसैले ज्योतिषीले मानिसको जीवनलाई सफल र सार्थक बनाउन उसको कार्मिक प्रारब्धका आधारमा लक्ष्य निर्धारण गरिदिनुपर्छ ।

मानिस जन्मदा आकाशमा भएका ग्रहहरूको चित्र उसको जन्मकुण्डली हो । जन्मदाको अवस्थाको एउटा विशेष प्रभाव रहन्छ तर प्रतिफलमा उनीहरूको तात्कालीक स्थिति बढी महत्त्वपूर्ण हुन्छ । ग्रहहरूको गति निश्चित नियममा हुन्छ । कुन समयमा कुन ग्रह कहाँ हुन्छ र त्यसको प्रभाव कस्तो हुन्छ भन्ने कुरा ज्योतिष शास्त्रमा स्पष्ट छ । ग्रहहरूको प्रभाव फरक-फरक व्यक्ति या पदार्थमा फरक-फरक हुन्छ । त्यही फरक-फरक प्रभाव सम्बन्धित व्यक्तिमा कस्तो हुनसक्छ भन्ने सूक्ष्म अध्ययनका लागि व्यक्तिको जन्म समयका ग्रहहरूको अवस्था र तत्कालीक अवस्थाबाट निस्कर्ष निकालिन्छ । जन्मकालीन ग्रहहरूको राशि, नक्षत्र, अंश र हाल ग्रहहरूको राशि, नक्षत्र र अंशका आधारमा दैनिक, मासिक या वार्षिक फल या प्रभाव जान्न सकिन्छ ।

मानिसको जन्मकालीन ग्रहहरूको अवस्थाका आधारमा अहिलेको अवस्था कस्तो छ भन्ने निश्कर्ष निकाल्न सकिन्छ । जीवनका घटनाहरू, आर्थिक, सामाजिक, शारीरिक तथा मानसिक अवस्थाको चित्रण गर्न सकिन्छ । त्यसका लागि ज्योतिष शास्त्रमा नौ ग्रहको प्रभाव फरक-फरक तर आफ्नो निजी गुण र धर्मका आधारमा निश्चित गरिएको छ । ग्रहको गुण र धर्म निश्चित हुन्छ तर उसको जन्मकालीन अवस्था र तात्कालीक अवस्थाको प्रभाव निरन्तर बदलिइरहन्छ । जन्मकालीन समयका ग्रहहरूले निश्चित लक्ष्य र उद्देश्य तय गरेका हुन्छन् । उक्त लक्ष्य र उद्देश्यका लागि तत्कालीन ग्रहहरूको अवस्था विशेष प्रभावकारी हुन्छ । ग्रहहरूले तय गरेको लक्ष्य र तात्कालीक गोचरका बीचमा मानिसको मानसिकता र कर्म थपिन पुग्छ । ग्रहहरूको लक्ष्य र मानिसको लक्ष्यबीच तालमेल भएमा सफलता मिल्दै जान्छ भने विपरीत भएमा असफलता मिल्छ । त्यसैले ग्रहहरूले तय गरेको लक्ष्यअनुसार व्यक्तिले आफ्नो कर्म गरोस् भनेर नै ज्योतिषलाई आँखा भनिएको हो । आँखाको प्रयोग लक्ष्यसम्म पुग्नका गरिन्छ । त्यसैले हरेक मानिसले ज्योतिषीय लक्ष्य र जीवनको लक्ष्यबीच सामञ्जस्यता मिलाउन ज्योतिषीय परामर्श लिइरहनुपर्छ ।

जीवनलाई प्रत्यक्ष प्रभाव पार्ने ग्रह र तिनले सिर्जना गर्ने प्रभावका विषयमा सामान्य जानकारी राख्नु सबैका लागि लाभदायी हुन्छ । ज्योतिष शास्त्रमा प्रयोगमा आउने नौ ग्रहहरू सूर्य, चन्द्रमा, मंगल, बुध, शुक्र, बृहस्पति, शनि, राहु र केतु हुन् । यी ग्रहहरूको फरक-फरक र नितान्त निजी स्वभाव र प्रभाव हुन्छ । ग्रहहरूमा सबैभन्दा पहिलो सूर्य हो । यसले व्यक्तिको आत्माको प्रतिनिधित्व गर्छ । उसमा आत्मविश्वास कस्तो छ ? स्वाभिमान वा आत्मसम्मान कस्तो छ ? हड्डी कति मजबुत छ भन्ने जनाउँछ । यसबाटै उसको पिता कस्तो छ । जन्मस्थान कस्तो छ । आत्मामा शुद्धता छ छैन हेर्न सकिन्छ । अग्नि तत्त्वको कारक ग्रह भएकाले व्यक्तिको ऊर्जा मापन यसै ग्रहबाट गर्न सकिन्छ । यो ग्रहहरूको राजा भएकाले व्यक्तिमा नेतृत्व क्षमता कस्तो छ भन्ने ज्ञात गर्न सकिन्छ ।




मनलाई प्रत्यक्ष प्रभाव पार्ने ग्रह चन्द्रमा हो । यो ग्रहले भावनात्मक कुरालाई प्रतिनिधित्व गर्छ । व्यक्तिको मानसिक अवस्थालाई उसको चन्द्रमाको अवस्थाले स्पष्ट पार्छ । चन्द्रमा जलसँग सम्बन्धित ग्रह हो । मानिसको शरीरमा पनि अधिक जल तत्त्व हुने हुनाले चन्द्रमाको अवस्थाका आधारमा शरीर र मनको अवस्था मापन गर्न सकिन्छ । यसले माता, सुख, मन, मनस्थितिको ज्ञात गराउँछ । चन्द्रमा मनको कारक भएको कारण व्यक्तिको मनमा उत्पन्न हुने भाव र त्यसबाट सिर्जना हुने कर्मको प्रकृति पनि थाहा पाउन सकिन्छ ।

अर्को ग्रह बुध हो । शिक्षाको मालिक बुध बुद्धिको कारक ग्रह हो । सञ्चारको कारक ग्रहको रूपमा बुधलाई लिइन्छ । बुधको अवस्थालाई हेरेर व्यक्तिमा जनसम्पर्कको अवस्था कस्तो छ भन्ने आँकलन गर्न सकिन्छ । कुनै पनि सूचनाको सञ्चार, गोपनीयता, सूचना-संकलन तथा सूचनाको उपयोग कस्तो हुन सक्ला भन्ने अनुमान लगाउन सकिन्छ । यो ग्रह व्यापारको कारक पनि हो । यसले व्यक्ति व्यापारमा सफल हुन्छ हुँदैन भन्ने ज्ञात गर्न सकिन्छ ।

शुक्र ग्रह समृद्धि र सम्पन्नताको ग्रह हो । यसले व्यक्तिको जीवनमा सम्पन्नता कस्तो रहन्छ भन्ने थाहा लाग्छ । सम्पत्ति, सम्पन्नता, खुसीको स्रोत शुक्र ग्रहको अवस्थाबाट ज्ञात गर्न सकिन्छ । हरेकको जीवनमा खुसीको आधार धन सम्पत्ति हो भने साथमा खुसी र आनन्दित जीवनका लागि प्रेम आवश्यक हुन्छ । अर्थको विषय शुक्रलाई जोडेर हेरिन्छ । यदि अर्थ राम्रो छ भने उसको जोश, जाँगर र ऊर्जा पनि सकारात्मक हुन्छ । शुक्र मनोरञ्जनको कारक पनि भएकाले व्यक्तिमा कतिको रमाइलोपना छ भन्ने पनि यसैबाट ज्ञात हुन्छ । समृद्धि, खुसी, आनन्द, मनोरञ्जन, सौन्दर्य, जोश, वीर्य, पुरुषको दाम्पत्य जीवन यी सबै कुरा शुक्रको कब्जामा छ ।

मंगललाई व्यक्तिको साहसको अवस्थामा हेरिन्छ । यो ग्रह अग्निकारक ग्रह हो । यसले ऊर्जा र शक्तिको प्रतिनिधित्व गर्छ । व्यक्तिमा साहस कति छ ? शक्ति र ऊर्जा कति छ ? लडाइँ या झगडामा कति शक्ति खर्च गर्छ । निडर छ वा डरपोक छ यसैबाट ज्ञात हुन्छ । त्यस्तै बृहस्पति ग्रहले धर्म र भाग्यको प्रतिनिधित्व गर्छ । यसले सन्तान, धन, धर्म, अध्यात्मजस्ता विषयमा आफ्नो अवस्थाअनुसारको फल प्रदान गर्छ । शुभ बृहस्पतिले भाग्यवान बनाउँछ भने अशुभ बृहस्पतिले कुल परम्परामा नकारात्मकता ल्याई व्यक्तिलाई विभिन्न समस्यासँग लड्न बाध्य बनाउँछ । जसको बृहस्पति राम्रो छ उसको सर्वत्र शुभ बनाउँछ । ज्ञानको कारक भएको व्यक्तिमा कति ज्ञान छ भन्ने यसैबाट ज्ञात हुन्छ ।

न्यायको कारक ग्रह शनि हो । यसले नीति नियम र अनुशासनको प्रतिनिधित्व गर्छ । व्यक्ति कति अनुशासित छ भन्ने कुरा शनिको अवस्थाबाट थाहा हुन्छ । यसले कर्मको प्रतिनिधित्व गर्छ । व्यक्ति कति मिहेनत गर्छ, नियमको पालना गर्छ या गर्दैन, अल्छी छ या छैन, आयु कस्तो छ जस्ता विषयमा शनिको अवस्थाले स्पष्ट पार्छ ।

राहु ग्रह आकस्मिताको कारण हो । कुनै पनि आकस्मिक रूपमा हुने सकारात्मक या नकारात्मक घटनाको कारक राहु हो । यो परिवर्तनको स्रोत हो । यसले व्यक्तिलाई विद्रोही बनाउँछ । अधिक सफलता या अधिक असफलताको कारक पनि राहु हो । केतु ग्रह व्यक्तिको आन्तरिक अवस्था हो । यसले व्यक्तिभित्रको चेतको प्रतिनिधित्व गर्छ । कसैलाई महायोगी, साधु बनाउनेसम्मको काम केतुले गर्न सक्छ । पुनर्जन्म या मोक्ष केतुको अवस्थाले बताउँछ । राहु र केतु दुवै छाँया ग्रह हुन् । यिनको आफ्नो भौतिक स्वरूप छैन ।

यसरी ग्रहहरूको विशेषता, जिम्मेवारी र कारकत्वको आधारमा व्यक्तिको जीवनको मार्गदर्शन मिलाउँदै कर्ममा सम्बन्धित ग्रहको उपयोग गराउनुपर्छ । ज्योतिषीय परामर्शमा ग्रहहरूको कारकत्त्वलाई जीवनका विभिन्न चरणमा दशा, अन्तरदशाका आधारमा प्रयोग गराउन मार्गदर्शन गर्ने काम ज्योतिषीको हो । केवल भविष्यवाणी मात्र ज्योतिषीको काम होइन । ज्योतिषीको काम भविष्यमा हुने घटनाको फेहरिस्त बताउनेमात्र नभएर उसको लक्ष्य प्राप्तिका लागि ग्रहहरूको उपयोग गर्ने मार्ग देखाउने हो । ज्योतिषीले ग्रहको अवस्था उसको कारकत्त्व र दशाका आधारमा व्यक्तिको कर्मलाई दिशानिर्देश गर्ने हो भने कुनै पनि मानिस जीवनमा असफल हुँदैन । विगत, वर्तमान र भविष्यको ग्रहको गतिका आधारमा पेसा, व्यवसाय या अन्य कर्ममा ग्रहहरूको उपयोग गर्न परामर्श दिने हो भने ज्योतिषी जीवनको सच्चा मार्गदर्शक बन्छ । कुन विषयको कमीले व्यक्ति पीडित छ या कुनको अधिक प्रभावले समस्यामा छ भन्ने बुझेर कमजोरलाई बल दिने र अधिकलाई कटौती गर्ने हो भने मात्र ज्योतिष शास्त्रको सही उपयोग हुनसक्छ । *रासस*

## मननयोग्य

### चाणक्य नीति

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हुँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

## पत्र-मञ्जुषा

### विदेशी ऋणको चंगुलबाट बाहिर निस्कौं

यतिबेला सरकार नयाँ बजेट निर्माणमा लागिरहेको छ । यहीबेला देशको अवस्था भने अस्वस्थ छ । देशको आर्थिक स्थिति सुस्त अवस्थामा छ । सरकारलाई सामान्य खर्च धान्नै मुस्किल भइरहेको छ । पुँजी निर्माणको अवस्था निराशाजनक छ । सरकारले निर्माण व्यवसायी र दूध किसानको अर्बौं रूपैयाँ भुक्तानी दिन सकेको छैन । अर्थ मन्त्रालयले तिनको भुक्तानी दिने भने पनि राज्यको ढुकुटीमा पैसा छैन । निर्माण व्यवसायीको ६० अर्ब र दूध किसानको सात अर्ब रूपैयाँ भुक्तानी बाँकी छ । अर्थमन्त्री वर्षमान पुनले जसरी पनि तिनको रकम भुक्तानी गरिदिने भनेको सुन्नमा आएको छ ।

चाहे त्यो विदेशीसँग ऋण लिएरै किन नहोस् । नेपाल पहिले नै विदेशी ऋणको चंगुलमा फसिसकेको छ । २७ खर्ब रूपैयाँ सरकारले ऋण लिइसकेको छ । राजस्व नउठ्दा ऋण नै लिएर सरकार कर्मचारी पाल्ने, सरकारी खर्च धान्ने काम भइरहेको छ । सरकारले एकातिरबाट ऋण लिन्छ, अर्कोतिर साँवाब्याज तिर्छ ।

यस्तो पाराले देश कसरी चल्छ ? सरकारले मनलाग्दी ऋण लिएको छ, खर्च गरेको छ । राजनीतिक दलहरूले मनलाग्दी ऋण लिंदा आज नेपाल ऋणकै दलदलमा फसेको छ । जहाँबाट उम्किन पनि महाभारत छ । नेताहरूले पञ्चायती व्यवस्था फालेर बहुदलीय व्यवस्था ल्याए । त्यो व्यवस्था हटाएर लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याइयो । जुनसुकै व्यवस्था आए पनि जनताले के पाए त ? अहिले समग्र नेपालीले उठाएको प्रश्न हो यो । देशले ऋण उपहार पायो, जनताले वैदेशिक रोजगारी । युवा जति जम्मै विदेशी भूमिमा रगतपसिना बगाइरहेका छन् ।

लोकतन्त्र गणतन्त्र कसको लागि रहेछ ? यो त पुष्टि नै भइसकेको छ । हिजो चप्पल लाउन नसक्ने नेताहरू महलमा बस्ने भए । सरकारी कर्मचारीले भ्रष्टाचार गर्ने थलो पाए । कार्यकर्ताहरूले चाप्लुसी गरेर कुनै न कुनै पद पाए । जनता हेरेको हेर्‍यै । भटाभटी ऋण त लिइरहेका छौं, तर चुक्ता गर्ने कसरी ? नेताहरूसँग भिजन छैन ।

एमाले अध्यक्ष केपी शर्मा ओली केही महिना अघिसम्म माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालले देश सकायो भन्थे । अहिले उनले 'काँचुली' नै फेरेका छन् । आफू सरकारमा जानेबित्तिकै अर्थतन्त्र सुदृढ भएको, देशमा विकास आएको ओलीको दाबी छ । सत्ताका लागि जे पनि गर्ने यस्ता नेताहरूलाई के भन्ने ? कुनै शब्द नै छैन । झूठ बोल्ने यस्ता नेताहरूले देश सकाएरै छाड्छन् । सांसदहरूले तलबभत्ता खाइरहेका छन्, काम केही गर्दैनन् ।

विदेशी ऋण ! जनताले विदेशी ऋण लिन नहुने बताउँदै आएका छन् । 'ऋण भनेको घिन हो' र यसले भोलि आफैंलाई अप्ठेरो बनाउन सक्छ । तैपनि सरकार रोकिदैन । हप्तैपिच्छे मन्त्रिपरिषद्बाट ऋण स्वीकृत हुन्छ । आफ्नो सत्ता टिकाउनका लागि जनतालाई भ्रममा पार्ने खेलोमात्र भइरहेको छ । सरकारले न खर्च कटौती गर्न सक्छ न यहाँ राजस्व उठाउने स्रोत छ । सरकारसँग एउटै उपाय छ, विदेशीबाट ऋण ल्याउने । त्यसको ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ ।

नेपाल समग्र नेपालीको हो । तर, नेताहरूले आफ्नो व्यक्तिगत सम्पत्तिझैं गरेका छन् । केही दिनअघि बाबुराम भट्टराईले ऋण काडेर घिउ खाने सरकारको चलन अहिले पनि नहटेको बताएका थिए । सार्वजनिक पदमा आएको एक महिनाभित्र आफ्नो सम्पत्ति सार्वजनिक गर्नुपर्छ । चाहे त्यो प्रधानमन्त्री होस् या वडाध्यक्ष ।

सम्पत्ति सार्वजनिक गर्नैपर्छ । तर, कसले सम्पत्ति सार्वजनिक गर्‍यो त ? अहिले कसैले सम्पत्ति सार्वजनिक गर्दैनन् । नेतादेखि लिएर कर्मचारीसम्मको पैसा विदेशी बैंकमा छ । यहाँ राख्दा भ्रष्टाचारको पोल खुल्ने भएपछि तिनले विदेशी बैंकमा लगेर लुकाएका छन् । अहिले जति नै देशभक्तको गाना गाए पनि सबैले यिनको असली अनुहार देखिसकेका छन् ।

अब मुलुकलाई बचाउने हो भने खर्च कटौती गर्नुपर्छ । विदेशी ऋण बन्द गर्नुपर्छ । राजस्व वृद्धि गर्नेतर्फ सरकारको ध्यान केन्द्रित हुनुपर्छ । उत्पादनमूलक उद्योग व्यवसायको प्रवर्द्धनमार्फत रोजगारी सिर्जना गर्दै मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउनुपर्ने आजको मूल आवश्यकता हो ।

**– इन्द्रजित राई, ओखलढुंगा**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# अवैध क्रसरले पिखुवाको पक्की पुल जोखिममा



**भोजपुर–** भोजपुर नगरपालिका-१२ टक्सारमा सञ्चालित अवैध क्रसरका कारण पिखुवा खोलाको पक्की पुल जोखिममा परेको छ। मापदण्डविपरीत सञ्चालित क्रसरले भोजपुर नगरपालिका र रामप्रसाद राई गाउँपालिका जोड्ने पक्की पुल जोखिममा परेको हो । स्थानीयवासीको गुनासो बढेपछि जिल्ला अनुगमन समितिले क्रसरको स्थलगत अनुगमन गरेको छ । अनुगमनपश्चात् मापदण्डविपरीत क्रसर सञ्चालन भएको जिल्ला अनुगमन समिति संयोजक तथा जिल्ला समन्वय समिति प्रमुख कमल थुलुङले जानकारी दिए ।

पिखुवा खोला पुल निर्माणका क्रममा निर्माण व्यवसायी श्यामकुमार श्रेष्ठले वि.सं. २०७६ मा क्रसर सञ्चालन गरेका थिए । पुल निर्माण सकिएपछि पनि क्रसर निरन्तर सञ्चालन गरिएको हो । पुलबाट ५०० मिटर दूरीमा क्रसर उद्योग सञ्चालन गर्नुपर्ने कानुनी प्रावधान छ । यहाँ सञ्चालित क्रसर पुलबाट ५० मिटर मात्र नजिक रहेको अनुगमन समिति संयोजक थुलुङले बताए ।

क्रसर राखेर गरिएको अवैध उत्खननले पुलसँगै पिखुवा जलविद्युत् आयोजना र बेलीब्रिजसमेत जोखिममा छन् । 'अनुगमनका क्रममा यहाँ प्राकृतिक स्रोतको दोहन भएको पाइयो,' उनले भने, 'खोलाले पुलसँगै अन्य संरचना बगाउने खतरा छ। प्राकृतिक स्रोतको दोहन हुँदा पनि भोजपुर नगरपालिका चुप लागेको देखिन्छ । क्रसरका सामान जफत गरी कारबाही गर्न भोजपुर नरपालिकालाई निर्देशन दिएका छौं ।'

आयोजना सम्पन्न भएपछि क्रसर तत्काल बन्द गर्नुपर्ने कानुनी व्यवस्था भए पनि सञ्चालनमै रहेको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले बताए । 'पिखुवा खोलामा अवैध क्रसर सञ्चालनमा रहेको देखियो,' प्रजिअ सापकोटाले भने, 'सुरुमा पुल निर्माण प्रयोजनका लागि राखिएको क्रसर पुल बनेपछि पनि सञ्चालन भइरहेको देखिन्छ, यो अवैध हो ।'

अवैधरूपमा सञ्चालित क्रसरको सामग्रीको मुचुल्का तयार गरी सात दिनभित्र सूचना जारी गरेर लिलाम बिक्री गर्न नगरपालिकालाई निर्देशन दिएको प्रजिअ सापकोटाले बताए । उत्खननकै कारण खोलाले धार परिवर्तन गर्ने अवस्थामा पुगेको छ । हाल क्रसरमा एक हजार तीन सय घनमिटर गिटी, एक हजार ६०० घनमिटर बालुवा र १५० घनमिटर ढुंगा सञ्चित छ । नगरपालिकाले ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ विपरीत क्रसर सञ्चालन गरेको समितिको जिकिर छ ।

भोजपुर नगरपालिकाले भने निर्माण प्रयोजनका लागि क्रसर सञ्चालन गरिएकाले हटाउन नसकिने जनाएको छ । कानुनअनुसार क्रसर सञ्चालन गरिएको नगर प्रमुख कैलाशकुमार आलेले बताए । केही प्रशासकले अनुगमनको बहानामा विकासमा अवरोध पुऱ्याउन खोजेको प्रमुख आलेको आरोप छ ।

'हामीले जिल्लाका आयोजना सञ्चालन गर्न क्रसर सञ्चालनको अनुमति दिएका छौं,' उनले भने, 'केही प्रशासक कुरा नबुझी कामलाई बाधा पुग्ने गतिविधिमा संलग्न हुनुभएको देखियो ।' अनुगमन समितिले रामप्रसाद राई गाउँपालिका-४ स्थित दमाईंटारमा रहेको सिद्धकाली स्याण्ड वासिङ उद्योगको पनि स्थलगत अनुगमन गरेको छ। यो उद्योगलेसमेत मापदण्डविपरीत क्रसर सञ्चालन गरेको समितिको ठहर छ ।

अनुमतिविना क्रसर सञ्चालन गरिएको अनुमगन समितिका सदस्य कपिलदेव अधिकारीले बताए । समितिले उद्योगलाई आवश्यक कारबाही गर्न गाउँपालिकालाई लिखित निर्देशन दिएको छ। रामप्रसादराई गाउँपालिकाका उपाध्यक्ष वीरेन्द्र राईले 'आइई रिपोर्ट' तयार गरी ३० लाख रूपैयाँमा बोलपत्रअनुसार उद्योग सञ्चालनको सम्झौता गरेको बताए । गैरकानुनीरूपमा गाउँपालिकाभित्र सञ्चालित क्रसरलाई कानुनी दायरामा ल्याउन पहल गर्ने उनले जानकारी दिए । *रासस*

# सेनाको हिमाल सफाइ टोली सगरमाथा आधार शिविरतर्फ



**सोलुखुम्बु (प्रस)–** विश्वको सर्वोच्च शिखर सगरमाथासहितका हिमाल सफाइका लागि नेपाली सेनाको टोली सोलुखुम्बुको नाम्चेबाट अघि बढेको छ । सगरमाथा, ल्होत्से तथा नुप्से हिमाल सफाइका लागि सैनिकसहितको सफा हिमाल अभियान-२०२४ को टोली बुधबार नाम्चेबाट सगरमाथा आधार शिविरतर्फ प्रस्थान गरेको हो ।

नेपाली सेना १२ जना र एक जना शेर्पा सरदारसहित १३ जनाको टोलीमध्ये दुईजना भने आपत्कालीन जनशक्तिका लागि नाम्चेमै रहने रणशुर गुल्म नाम्चेका प्रमुख सेनानी प्रचण्डविक्रम भारतीले जानकारी दिए । 'दुईजना आपत्कालीन उद्धार तथा समस्याका लागि नाम्चे ब्यारेकमै तयारी अवस्थामा छन्, बाँकी ११ जनालाई नाम्चे ब्यारेकले आज एक कार्यक्रमका बीच बिदाइ गऱ्यौं, यो टोली सगरमाथा आधारशिविरतर्फ अघि बढेको हो,' उनले भने। यही वैशाख २ गते सेनाको हेलिकप्टरमार्फत स्याङ्बोचे ओर्लिएको उक्त टोली दुई दिन नाम्चेको बसाइपछि बुधबार त्यहाँबाट प्रस्थान गरेको हो ।

सेनानी आदित्य कार्कीको नेतृत्वमा रहेको उक्त टोलीले अभियानलाई प्रभावकारी बनाउन स्थानीय जनसमुदायहरूसँग अन्तरसंवाद गर्दै करिब सात दिनको पदयात्रापश्चात् सगरमाथा आधार शिविर पुग्ने सेनानी भारतीले बताए । पदयात्राको क्रममा सचेतना अभिवृद्धि तथा अभियानको प्रचारप्रसारका लागि पदमार्गको सरसफाइसमेत गरिने छ। 'एन एन्डेवर टु सेभ द हिमालयज' भन्ने मूल विषयका साथ सञ्चालन हुन गइरहेको यस अभियानअन्तर्गत सगरमाथा, ल्होत्से तथा नुप्से हिमालका विभिन्न क्याम्पहरूबाट करिब १० टन फोहोर संकलनको लक्ष्य लिइएको नेपाली सेनाले जनाएको छ । यसअघि गत बिहीबार जंगी अड्डामा आयोजित एक समारोहमा प्रधानसेनापति प्रभुराम शर्माले अभियानका नेतृत्वकर्ता सेनानी आदित्य कार्कीलाई झण्डा हस्तान्तरण गरी अभियानको थालनी गरेका थिए ।

नेपाल सरकारको राष्ट्रिय कार्यक्रमअन्तर्गत नेपाली सेनाको अगुवाइमा सञ्चालन हुने सफा हिमाल अभियान सफल बनाउन वन तथा वातावरण मन्त्रालय, खुम्बु पासाङ ल्हामु गाउँपालिका, नेपाल पर्वतारोहण संघ, हिमालयन उद्धार संघलगायतका संघ संस्थाहरूको प्राविधिक सहयोग रहेको छ ।

# मानव-हात्ती द्वन्द्व घटाउन सौर्य तारबार

**बनियानी (झापा)–** मानव-हात्ती द्वन्द्व घटाउन झापाका विभिन्न स्थानमा ७६ किलोमिटर अफसेट सोलार फेन्स (सौर्य तारबार) निर्माण गरिएको छ ।

झापामा पहिलोपटक बाहुनडाँगीमा २०७३ सालमा एक करोड २० लाख रूपैयाँको लागतमा १८ किलोमिटर विद्युतीय तारबार निर्माण गरिएको थियो । त्यसपछि २०७६ साल चैतमा जलथल वन क्षेत्रमा पहिलो चरणमा ३५ किलोमिटर सौर्य तारबार लगाइको डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईले जानकारी दिए ।

हल्दिबारी, कचनकवल, बाह्रदशी र भद्रपुरसँग जोडिएको वन क्षेत्रअन्तर्गत निर्माण गरिएको सौर्य तारबारको लागत पाँच करोड ६५ लाख २७ हजार रूपैयाँ छ । २०७८ चैतमा जलथल वन क्षेत्रमा दोस्रो चरणमा भद्रपुरमा एक करोड एक लाख ४४ हजार रूपैयाँ लागतमा ६.३९ किलोमिटर सौर्य तारबार उक्त गरिएको कार्यालयले जनाएको छ ।

मेचीनगर नगरपालिकाको चारआली-मागुरमाडी खण्डअन्तर्गत १६.९८ किलोमिटर सौर्य तारबार लगाइएको छ। गत असारमा दुई करोड ५३ लाख ९५ हजार रूपैयाँको लागतमा उक्त खण्डमा बार लगाइएको हो। बार लगाउन राज्यकोषबाट रकम खर्च भएको हो । राष्ट्रिय प्रकृति संरक्षण कोषले त्यसमा प्राविधिक परामर्श प्रदान गरेको थियो । पहिले लगाइएका केही स्थानका बार जीर्ण भएकाले मर्मत गर्नुपर्ने भएको छ । बाहुनडाँगीस्थित १८ किलोमिटर तारबार मर्मत गर्न करिब ३० लाख रूपैयाँ र जलथल क्षेत्रका लागि ४४ लाख ४७ हजार रूपैयाँ आवश्यक पर्ने प्रमुख राईले जानकारी दिए ।

देशको पूर्वी नाकाबाट प्रत्येक वर्ष दुईपटक मानव बस्तीमा हात्ती प्रवेश गर्दै आएका छन्। वैशाखको दोस्रो हप्तादेखि असारको तेस्रो हप्तासम्म र कात्तिकको दोस्रो हप्तादेखि पुस-माघतिर हात्ती आउने गरेका छन्। *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DERIGUOUR SECURITY SDN BHD
पूर्व स्वीकृति मिति २०७९/१०/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०५ | LT. No. 279855 | चलानी नं. ६०१९५८७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 63 | 0 | 1500 | ४१,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AT GUARDS SECURITY SERVICES SDN BHD
पूर्व स्वीकृति मिति २०८०/१०/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०५ | LT. No. 298193 | चलानी नं. ६०२१३६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 177 | 0 | 1500 | ४१,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EAZA FORCE (M) SDN. BHD.
पूर्व स्वीकृति मिति २०८०/०६/१० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०५ | LT. No. 292405 | चलानी नं. ६०२०८३२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 63 | 0 | 1500 | ४१,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GEMINI FORCE SDN. BHD.
पूर्व स्वीकृति मिति २०८०/०५/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०५ | LT. No. 292305 | चलानी नं. ६०२०७८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 76 | 0 | 1500 | ४१,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TEGAS SECURITY SERVICES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०५ | LT. No. 279108 | चलानी नं. ६०१९६९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 6 | 0 | 1500 | ४१,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: बिर्तामोड, झापामा मिति: २०८१ वैशाख १३ गते (25th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, Mobile No.: 9851191364
E-mail: amconoverseas123@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BINU CLEANING AND HOSPITALITY
पूर्व स्वीकृति मिति २०८०/११/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/०५ | LT. No 300761 | चलानी नं. ६०२१५७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Assistant | 0 | 1 | 2200 | ८०,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2 | Documentation Technician | 0 | 1 | 2200 | ८०,८८० | | | | | | | |
| 3 | General Clean Worker | 8 | 3 | 1000 | ३६,७६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १३ गते (25th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RATIONAL OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. १५३०/०७७/७८
Koteshwor-32, Kathmandu, Nepal - Tel:-01-4600027, 9841532876
Email:-overseasrational@gmail.com, Web:- www.rational.com.np

## मलेशियामा रोजगार

कम्पनी: J & R Standard SDH BHD | शहर: Jalan

पुन: प्रकाशित

पूर्व स्वीकृती मिति: २०७९/१२/१७ | L T. No. 283647 | चलानी नं. ६०१९९१६०

| सि.नं. | कामदारको पद | माग संख्या (पु.) | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 10 | काममा दक्ष | 1500 | ४१,८२०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | ८ दिन | छैन | छ | २ वर्ष | अन्तरवार्ता |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने र नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्था | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार तिर्ने | दिने | कामदार तिर्ने | बिमा हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | ७००/- कामदार आफैंले | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | कामदार आफैंले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, बानेश्वरमा सम्पर्क राख्नुहोला ।

अन्तरवार्ता मिति: २०८१/०१/१२ गते (2024 April 24)

Lic. No.: 565/062/063
NAVAJEEVAN INTERNATIONAL PVT. LTD.
Tokha-11, Mahadevtar, Kathmandu, Nepal, Phone No.: 01-4954608, 9841160318

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOUNGJIN ENTERPRISE CO.LTD
पूर्व स्वीकृति मिति : २०७९/१०/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०१/०५ | LT. No. 280320 | चलानी नं.६०१९५८२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 16 | 0 | 100 | ३४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १३ गते (25th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633


## वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बधी सूचना

**दोश्रो पटक सूचना प्रकाशन मिति: २०८१/०१/०६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान २७१ को १९६४.२४ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा १.०० चट्टा जे-जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्ववान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कृष्णगैरी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–६, मकवानपुर**

## दि सेन्टर ओभरसिज प्रा. लि. को जरूरी सूचना

यस प्रा. लि. मा विगतमा कार्यरत तपसिलका कर्मचारीहरू मिति: २०८०/०९/०६ देखि बिना जानकारी कार्यालयको सम्पर्कमा नरहेको हुनाले यस प्रा. लि. को संचालक समितिको निर्णय बमोजिम हाल निजहरू यस प्रा.लि. मा कर्मचारीको रूपमा नरहेको कुरा जानकारी गराउन चाहन्छौ । यसबाट कोहि कसैलाई मर्का पर्न गएमा यो सूचना प्रकाशित मितिले ७ दिन भित्र यस प्रा. लि. मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

तपसिलः

१. स्मृती नेपाली
२. सूर्य बुढाथोकी
३. सावित्री शर्मा
४. नविना बस्नेत

The Centre Overseas Pvt. Ltd.
THE CENTER OVERSEAS CONCERN PVT.LTD
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## श्री नेपाली सेना ई.एम.ई.पोलिटेक्निक महाविद्यालय

खरिपाटी ब्यारेक

## दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०१/०६ गते ।**

१. आ.व.८०/८१ को कार्यक्रम अनुसार श्री नेपाली सेना ई.एम.ई. पोलिटेक्निक महाविद्यालय, खरिपाटीस्थित कार्यालयको स्तरोन्नति कार्य गर्न सूचना नं.NA/EME/080/81/01 अनुसार e–GP System को माध्यमबाट दरभाउपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको ईजाजत प्राप्त ईच्छुक फर्म/कम्पनीहरूले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट http://www.bolpatra.gov.np.egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।


२. विद्युतीय माध्यमबाट शिलबन्दी दरभाउपत्रको अपलोड गर्नुपर्ने अन्तिम मिति २०८०/१२/२९ गतेको १२:०० बजेभित्र र खोलुवा मिति सोही दिनको १३:०० बजे उक्त पोलिटेक्निक महाविद्यालय, खरिपाटी भक्तपुरमा खोलुवा गरिनेछ साथै दरभाउपत्र सम्बन्धी कुनै थप जानकारी आवश्यक भएमा यस महाविद्यालयको मो.नं.९८५१३३६५९४ मा सम्पर्क गर्न सकिनेछ ।

## सुचना

**सम्पुर्ण शेवाग्राही तथा मेनपावर संग सम्बन्धीत सम्पुर्ण निकायहरुमा आजको मिति : २०८० चैत, ०१ गते बाट निम्म कर्मचारीहरु यस संस्थामा नरहेको जानकारी गराउँदछौं ।**



नाम : राजेश्वर यादव
ठेगाना : सन्हैटा-६ सिरहा
पद : ओभरसिस डाईरेक्टर



नाम : बिनोद बिष्ट
ठेगाना : छिन्ताङ-६ धनकुटा
पद : महाप्रबन्धक



नाम : दिल कुमारी तितुङ
ठेगाना : हिले-१ धनकुटा
पद : एच.आर हेड



नाम : एलिसा शर्मा
ठेगाना : बरदादेवी-१ अछाम
पद : प्रशासक सचिव



नाम : सुविना महत
ठेगाना : भक्तपुर-९, नंखेल
पद : डकुमेन्ट



नाम : सुजिता प्रधान
ठेगाना : सिन्धुपाल्चोक
पद : किचन हेल्पर



नाम : सुनिता थिङ
ठेगाना : चुरियामाई-५ मकवानपुर
पद : रिसेप्सनिष्ट

CENTRAL CAPITAL SERVICES PVT.LTD
Sinamangal-09, Kathmandu
ph: 01-4579791/91
www.centralcapitalservices.com

प्रभाव दैनिक

रूपशाला

बिहीबार ६, वैशाख २०८१ (Thursday, April 18, 2024)

## दृष्टिविहीन गायक गगनले ल्याए 'मेरो गीत तिमीलाई हो...'

जन्मिएदेखि नै आँखाको दृष्टि गुमाएका गगन आले गायकको रूपमा दर्शक तथा स्रोतामाझ आएका छन् । धरानमा हुर्किएका यी २१ वर्षीय दृष्टिविहीन गायक आलेले आफ्नै शब्द, संगीत तथा स्वरको पहिलो गीत 'मेरो गीत तिमीलाई हो...' मंगलबार सार्वजनिक गरे । उनले आफ्ना आमाबुवाको २३औं वैवाहिक वर्षगाँठको अवसर पारेर यट्युबमार्फत आफ्नो पहिलो गीतको म्युजिक भिडियो सार्वजनिक गरेका हुन् । गीतको म्युजिक भिडियोमा गायक आले र मोडल समी लावतीले अभिनय गरेका छन् । समी पनि दृष्टिविहीन नै हुन् ।



# अन्तर्राष्ट्रिय कवि सम्मेलन



**काठमाडौं (प्रस)–** परम्परागत विश्व कविता लेखक संगठन (टिपिडब्ल्युएडब्ल्यु)को चौथो अन्तर्राष्ट्रिय कवि सम्मेलन नेपालमा आयोजना गरिएको छ । मंगलबार यहाँ सम्पन्न सम्मेलनमा नेपाललगायत दक्षिण कोरिया, चीन, बेलायत र अमेरिकाका कविहरूको सहभागिता थियो । उक्त सम्मेलनका अवसरमा नेपालका तीनजना कविहरू क्रमशः भुवनहरि सिग्देल, सीताराम अधिकारी र पह्लाद पोखेललाई 'येउ सुङ ग्यो'बाट सम्मान गरिएको थियो ।

सम्मेलन टिपिडब्ल्युएडब्ल्यु सभापति कोरियाली कवि किम बोङ गुन र नेपाल शाखाका सभापति प्राध्यापक रामकुमार पाँडेको संयुक्त अध्यक्षतामा भएको थियो । सम्मेलनमा विभिन्न देशका परम्परागत कविताबारे कार्यपत्र प्रस्तुतिका साथै हाइकु र छन्दोबद्ध संरचनाका कविता पनि वाचन गरिएका थिए ।

# नेता महतोको 'अधुरा क्रान्ति' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय मुक्ति क्रान्ति अभियानका संयोजक एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोद्वारा लिखित 'अधुरा क्रान्ति' सार्वजनिक गरिएको छ । उक्त पुस्तकको बुधबार यहाँ आयोजित कार्यक्रममा नेता महतो, विश्लेषक सिकेलगायत विज्ञहरूले सामूहिकरूपमा सार्वजनिक गरेका हुन् ।

नेता महतोले मधेस संघर्ष र राजनीतिक जीवनमा भोगेका विभिन्न आयामलाई पुस्तकले उजागर गरेको छ । अधुरो क्रान्तिमा नेता महतोले आफ्नो राजनीतिक जीवन र मधेसमा उठेको विद्रोहको आवाजलाई बुझ्ने गरी उल्लेख गरेका छन् । सो अवसरमा नेता महतोले अधुरो क्रान्ति उत्पीडनमा परेका जनताको पीडाको पुलिन्दा भएको बताए । 'सात वर्षको मेहनतमा तयार गरिएको पुस्तकले उत्पीडनमा परेका जनताको भोगाइ, देखाइ र बुझाइका विषयवस्तुलाई समेटेको छ,' उनले भने ।

मुलुकमा परिवर्तनका लागि हालसम्म भएका सबैखाले क्रान्ति र संघर्षले उत्पीडनमा परेका जनतालाई न्याय दिन नसकेको दाबी गर्दै नेता महतोले ती अधुरा क्रान्तिलाई सम्बोधन गर्न पुस्तक उपयोगी हुने विश्वास व्यक्त गरे । उनले एकल सोच र चिन्तनबाट राज्यसञ्चालन गरिएको जिकिर गर्दै सबै जातजाति, भाषाभाषी, वर्ग र समुदायको भावनालाई राज्य सञ्चालनको हिस्सेदारी हुनुपर्ने धारणा राखे ।

पुस्तकको टिप्पणी गर्दै विश्लेषक सिके लालले अधुरो क्रान्तिले करिब ६५ वर्ष नेपालको राजनीतिक घटनाक्रमलाई मधेसको आँखाबाट हेरिएको र मधेस आन्दोलनका आयामलाई क्रमबद्ध गरिएको उल्लेख गरे । उनले मधेसका मुद्दालाई अहिलेको अवस्थामा ल्याउन भूमिका खेल्ने अन्य मधेसी नेताहरूलाई पुस्तकमा नसमेटिएको टिप्पणी गरे ।

प्रा.डा. बालकृष्ण माबुहाङले मधेसको राजनीतिक संघर्ष र मधेसी जनताको पीडालाई उजागर गरिएको पुस्तक पठनीय र संग्रहणीय रहेको बताए । पत्रकार कनकमणि दीक्षितले मधेसी जनताको मुक्तिका लागि संघर्ष गरेका नेता महतोको पुस्तक अधुरो क्रान्ति आधुनिक राजनीतिक इतिहासको साक्षीको रूपमा आएको उल्लेख गरे । मानवअधिकारकर्मी मोहना अन्सारीले नेपालमा वैचारिक, सामाजिक न्यायको क्रान्ति अधुरो छ भन्ने पुस्तकले प्रमाण पेस गरेको छ ।

पूर्वराजदूत महेश दाहालले मधेसको समग्र समस्या बुझ्न पुस्तक उपयोगी हुने बताए । अभियान्ताद्वय सुमन सायमी र बुद्धछिरिङ मोक्तानले मधेसका अधुरा क्रान्तिलाई पूरा गर्न पुस्तकले प्ररित गर्ने धारणा राखे । पुस्तकमा 'माटो र बाटोको पहिचान,' 'भाषिक संघर्ष,' 'पहिचानको संघर्ष,' 'उदगम र उपेक्षा,' 'संग्रत,' 'विभेदको अन्त्यहीन दुष्चक्रलगायत' लगायत शीर्षकमा लेख समावेश छन् । पाइन प्रकाशन प्रालिले प्रकाशनमा ल्याएको ३८१ पृष्ठको उक्त पुस्तकको मूल्य ७७० रूपैयाँ रहेको छ ।

ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!

शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: KELVIN CATERING SERVICES & FACILITIES MANAGEMENT EMIRATES L.L.C., UAE

कम्पनी : केल्भिन क्याटरिङ सर्भिसेस एण्ड फ्यासिलिटिज म्यानेजमेन्ट इमिरेट्स एल. एल. सि., युएई

Pre Approval Date : 2024-04-17 | LT. No.297771 | चलानी नं. ६०२१३१३०

पूर्व स्वीकृति मिति : २०८१/०१/०५ | एल टि न. २९७७७१ | Invoice No. 60213130

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Clerk | 4 | 0 | 1900 | ६९,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Administration Officer | 2 | 0 | 1800 | ६५,६०० | | | | | | | |
| 3 | Arabic Bread/chapati Maker | 9 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 4 | Assistant Housekeeping Supervisor | 4 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 5 | Asst Butcher | 3 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 6 | Asst Pastry/head Baker | 6 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 7 | Asst Salad Maker | 5 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 8 | Asst. Cook Arabic/ Rice/veg Cutting | 10 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 9 | Baker | 9 | 0 | 2000 | ७२,८८५ | | | | | | | |
| 10 | Barber | 4 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 11 | Butcher | 5 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 12 | Carpenter | 3 | 0 | 1900 | ६९,२४५ | | | | | | | |
| 13 | Cleaner/sweepers (General) | 10 | 20 | 1000 | ३६,४४५ | | | | | | | |
| 14 | Continental Cook | 3 | 0 | 2600 | ९४,७५५ | | | | | | | |
| 15 | Driver | 5 | 0 | 1900 | ६९,२४५ | | | | | | | |
| 16 | Electrician | 2 | 0 | 2200 | ८०,१७५ | | | | | | | |
| 17 | Ethnic Cook | 10 | 0 | 2000 | ७२,८८५ | | | | | | | |
| 18 | Executive Chef | 1 | 0 | 5000 | १८२,२२० | | | | | | | |
| 19 | General Technician | 2 | 0 | 2200 | ८०,१७५ | | | | | | | |
| 20 | Gym Trainer | 3 | 0 | 2000 | ७२,८८५ | | | | | | | |
| 21 | Head Baker-pastry | 3 | 0 | 2200 | ८०,१७५ | | | | | | | |
| 22 | Head Chef - Commi -1 | 5 | 0 | 2200 | ८०,१७५ | | | | | | | |
| 23 | Head Housekeeper | 5 | 0 | 1800 | ६५,६०० | | | | | | | |
| 24 | Head Storekeeper | 3 | 0 | 1800 | ६५,६०० | | | | | | | |
| 25 | Housekeeping Supervisor | 3 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 26 | Hygiene And Safety | 3 | 0 | 3000 | १०९,३३० | | | | | | | |
| 27 | Khaleeji Cook | 3 | 0 | 4000 | १४५,७७५ | | | | | | | |
| 28 | Kitchen Helper/cleaner | 20 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 29 | Laundry Man | 15 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 30 | Laundry Superviser | 3 | 0 | 1800 | ६५,६०० | | | | | | | |
| 31 | Location Manager | 5 | 0 | 3800 | १३८,४८५ | | | | | | | |
| 32 | Maintenance Helper | 3 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 33 | Maintenance Supervisor | 3 | 0 | 2800 | १०२,२४० | | | | | | | |
| 34 | Maintenance Technician/assistant | 2 | 0 | 2200 | ८०,१७५ | | | | | | | |
| 35 | Mason | 3 | 0 | 1800 | ६५,६०० | | | | | | | |
| 36 | Night Shift Technician | 2 | 0 | 2200 | ८०,१७५ | | | | | | | |
| 37 | Office Boy/clerk | 10 | 0 | 1000 | ३६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 38 | Painter | 3 | 0 | 1900 | ६९,२४५ | | | | | | | |
| 39 | Pastry Man | 4 | 0 | 2600 | ९४,७५५ | | | | | | | |
| 40 | Pest/vermin Controller | 5 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 41 | Plumber | 3 | 0 | 1900 | ६९,२४५ | | | | | | | |
| 42 | Recreation Officer | 4 | 0 | 1867 | ६८,०४० | | | | | | | |
| 43 | Rfjd System Clerk | 4 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 44 | Room Boys | 30 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 45 | Salad Maker/grade Manager | 7 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 46 | Shop Keeper | 3 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 47 | Store Helper | 3 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 48 | Storekeeper | 7 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 49 | Tailor | 2 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 50 | Tandoor Bread Maker | 3 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 51 | Waiter | 20 | 0 | 1000 | ३६,४४५ | | | | | | | |

The interview will be conducted in the office on 22 April 2024.

अन्तर्वाता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १० गते हुनेछ ।

नोटः आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।

Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले ब्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले ब्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले ब्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.

श्रम ईजाजत नं. ८२२/०६६/०६७

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 4379450, P.O.Box: 7764
Mobile: 9802356846, 9802356847, 9863194839, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## रंगशाला

एसिसी प्रिमियर कप क्रिकेट

# साउदीलाई हराउँदै नेपाल समूह विजेता

### सेमिफाइनलमा युएईसँग खेल्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा जित हात पार्दै नेपाल समूह विजेता बनेको छ । बुधबार समूह चरणको अन्तिम खेलमा नेपालले साउदी अरेबियालाई छ विकेटले पराजित गरेको हो । जितसँगै नेपाल समूह चरणमा अपराजित रहँदै सेमिफाइनलमा प्रवेश गरेको छ ।

अब सेमिफाइनलमा नेपालले युएईसँग खेल्ने भएको छ । युएईले समूह 'बी'बाट उपविजेता बन्दै सेमिफाइलमा स्थान बनाएको हो । युएई चार खेलमध्ये तीनमा जित र एकमा हारसहित छ अंकका साथ दोस्रो बनेको हो । उक्त समूहबाट ओमान चार खेलमा अपराजित रहँदै शीर्षस्थानमा रहयो । सेमिफाइनलमा ओमानले समूह 'ए'को उपविजेता हङकङसँग खेल्ने छ । ओमानको अल अमेरत खेल मैदानमा भएको खेल वर्षाले प्रभावित भएपछि २० ओभरबाट आठ ओभरमा झारिएको थियो । पहिलो ब्याटिङ गरेको साउदी अरेबियाले नेपालसामु जितका लागि ७४ रनको लक्ष्य प्रस्तुत गरेको थियो ।

उक्त लक्ष्य नेपालले ७.२ ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो । नेपालका लागि गुलसन झाले अविजित ३२ रन बनाए । उनले १९ बल खेल्ने क्रममा दुई छक्का र दुई चौका प्रहार गरे । साथै दीपेन्द्रसिंह ऐरीले १७ र कप्तान रोहित पौडेलले १६ रन बनाए । अन्य ब्याटरले भने दोहोरो अंकमा रन बनाउन सकेनन् । साउदी अरेबियाका लागि इस्तिक अहमदले दुई विकेट लिए । उसमान नाजीव र वाजी उल हसनले एक/एक विकेट लिए ।

टस हारेर पहिले ब्याटिङ गरेको साउदी अरेबियाले निर्धारित आठ ओभरमा सात विकेटको क्षतिमा ७३ रन बनाएको थियो । उसका लागि अब्दुल वाहिदले सर्वाधिक ३७ रन बनाए । उनले १६ बल खेल्ने क्रममा तीन छक्का र तीन चौका प्रहार गरे । त्यसबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपालका लागि करन केसी र अभिनाश बोहोराले दुई/दुई विकेट लिए । प्रतीस जिसी र ललित राजवंशीको नाममा एक/एक विकेट रहयो । समूह 'ए'मा रहेको नेपालले पहिलो खेलमा मलेसियालाई पाँच विकेट, दोस्रो खेलमा कतारलाई ३२ रन र तेस्रो खेलमा हङकङलाई आठ विकेटले पराजित गरेको थियो ।

## विश्व वरीयतामा ऐरीको नयाँ कीर्तिमान



काठमाडौं (प्रस)- नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य दीपेन्द्रसिंह ऐरी आइसिसी टी-२० वरीयताको अलराउन्डरतर्फ ११औं स्थानमा उक्लिएका छन् । अन्तर्राष्टिय क्रिकेट काउन्सिल (आइसिसी)ले जारी गरेको नयाँ वरीयतामा दीपेन्द्र १४ स्थान सुधार गर्दै ११औं स्थानमा पुग्न सफल भएका हुन् । त्यसैगरी ब्याटिङतर्फको विश्व वरीयतामा १६ स्थान सुधार गर्दै ऐरी ६२औं स्थानमा उक्लिएका छन् ।

ऐरी हाल ओमानमा जारी एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । उनले उक्त प्रतियोगताअन्तर्गत कतारविरुद्धको खेलमा एकै ओभरमा छ छक्का प्रहार गरेका थिए । ब्याट्सम्यानको नयाँ वरीयतामा नेपाली टोलीका कप्तान रोहितकुमार पौडेल ५३औं स्थानमा रहँदा आसिफ शेखले ३६ स्थान सुधार गर्दै ७५औं स्थानमा उक्लेका छन् । त्यस्तै कुशल मल्ल नौ स्थान सुधार गर्दै १००औं स्थानमा पुगेका छन् ।

# गाउँघरमा पनि क्रिकेटको क्रेज

**कालुखेती (बझाङ)–** भारतमा सञ्चालन भइरहेको इन्डियन प्रिमियर लिग (आइपिएल) को सरगर्मी सुदूर पहाडका दुरदराज गाउँमा पनि ह्वात्तै बढेको छ । परम्परागत खेलिने खेल बिस्तारै ओझेलमा पर्दै गएपछि सहरतिर खेलिने फुटबल, बास्केटबल, क्रिकेट, ब्याडमिन्टनलगायत खेलप्रति बालबालिका आकर्षित देखिन थालेका हुन् ।

सुशील जोशी दुर्गा महालिङ माविमा सात कक्षामा अध्ययन गर्छन् । ११ वर्षीय सुशील गाउँमा दुई वर्षदेखि क्रिकेट खेलिरहेका छन् । उनी भारतीय क्रिकेट स्टार विराट कोहलीको खेलबाट प्रभावित भएको बताउँछन् । कोहलीको खेल कुन दिन, कुन समूहसँग हुन्छ भन्ने उनलाई प्रायः थाहा भइरहन्छ । फुर्सद भयो कि सुशीलसहित मेखराज, सुवास, टंक, खेमराज, सायदको टोली खुला चौरमा क्रिकेट खेल्न जान्छन् । खेल खेल्दै गर्दा आफूलाई क्रिकेटका वादशाह धोनी, कोहली, रोहित शर्मालगायत नेपाली क्रिकेटका नाममा आफूलाई चिाउँछन् ।

गणेश जोशी क्रिकेटमा लामो सर्ट हान्नसक्ने हुँदा दीपेन्द्रसिंह ऐरीलाई सम्झन्छन् । दीपेन्द्रको खेलबाट प्रभावित भएको बताउने उनले ब्याडिङ गर्दा 'छक्का दीपेन्द्र' भन्दै सके जति बल टाढा फाल्ने कोसिस गर्छन् । टिमका सहभागीले पनि दीपेन्द्रको चौका छक्का सुरू भन्दै हुटिङ गर्छन् । त्यसपछि गणेशले सके जति बल ढाढा फाल्छन् ।

खप्तडछान्ना-५ पिठातोलाको सुकिला ढंगमा खुला चौर हुँदा हरेक साँझ बालबालिका जम्मा भएर क्रिकेट खेल्छन् । क्रिकेटका सबै नियम थाहा पाएका बालबालिका आफैंले बनाएको काठको ब्याड र कपडाको बलले क्रिकेट खेल्ने गरेको सुवास जोशीले बताए । 'पहिले-पहिले टाइमपास, डण्डिबियो, चुन्नी, आरामविश्राम (खुट्टाले खेलिने) खेल्थ्यौं । आजभोलि कसले चौका/छक्का हान्छ, कसले विकेट लिन सक्छ भनेर क्रिकेट खेल्न रूचि लाग्छ,' उनले भने ।

सुवासका अनुसार गाउँघरमा सबै बालबालिकाको नजरमा क्रिकेट नै हुन्छ । 'राति मोबाइलमा क्रिकेट हेर्ने र दिउँसो अभ्यास गर्दैगर्दा क्रिकेटको लत बसेको थाहै भएन,' उनले भने । पिठातोलामा बालबालिकाले क्रिकेट खेल्न थालेको धेरै भएको छैन । भरत खत्रीले भने, 'हाम्रो पालामा पुरानै खेलहरू खेलिन्थे । अहिले गाउँघरमा सबैका हालमा मोबाइल फोनहरू छन् । *रासस*




दक्षिण चीनको गुआङडोङ प्रान्तको शेन्जेनमा रहेको सिआओमो अन्तर्राष्ट्रिय लजिस्टिक पोर्टमा आइपुगेको सवारीवाहक जहाज 'बिवाइडी एक्सप्लोरर नं. १'। *तस्बिरः सिन्ह्वा*

# उत्तरी युक्रेनमा रूसी आक्रमण, नौ जनाको मृत्यु

**किएभ (युक्रेन)–** उत्तरी युक्रेनी सहर चेर्निगिभमा बुधबार भएको रुसी आक्रमणमा नौ जनाको ज्यान गएको छ भने २० जना घाइते भएका छन्। पछिल्ला समयमा किभले आफ्नो हवाई प्रतिरक्षा क्षमतामा कमी भएको चेतावनी दिएका बेला उक्त घटना भएको छ।

अधिकारीहरूले धेरै ठूलाठूला भवनहरूलाई तीनवटा मिसाइलले प्रहार गरेको बताएका छन्। रूसी हवाई आक्रमणलाई विफल पार्न सहयोगीहरूलाई थप क्षेप्यास्त्र पठाउन आग्रह गरिरहेका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युक्रेनसँग मिसाइलहरू रोक्न पर्याप्त हवाई सुरक्षाको अभाव भएको बताए।



उत्तरमा बेलारुसको सिमानामा पर्ने चेर्निगिभ क्षेत्र रुसको आक्रमणको सुरुमा आंशिक रूपमा कब्जा गरिएको थियो तर मस्कोको सेना फिर्ता भएको करिब दुई वर्षदेखि भयंकर लडाइँबाट जोगिएको छ। सरकारी सञ्चारमाध्यमसँग कुरा गर्दै क्षेत्रीय गभर्नर व्याचेस्लाभ चाउसले सहरको केन्द्रमा तीनवटा मिसाइल प्रहार हुँदा कम्तीमा नौ जनाको मृत्यु भएको र २० जना घाइते भएको बताए। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले भने १३ जनाको मृत्यु भएको उल्लेख गरेका छन्।

आक्रमणका कारण नागरिकको पूर्वाधारमा क्षति पुग्नाका साथै दर्जनौं सवारीसाधन नष्ट हुन पुगेका छन्। उक्त सहरका प्रमुख ओलेक्जेन्डर लोमाकोले हडताल धेरै जनसंख्या भएको क्षेत्रमा भएको र उद्धार टोलीहरू घटनास्थलमा काम गरिरहेको जानकारी दिए। जेलेन्स्कीद्वारा वितरित तस्बिरहरूमा बाँचेकाको खोजी गरिरहेको वा घाइतेहरूलाई स्ट्रेचरमा लैजाँदै गरेको देखाइएको थियो। 'यदि युक्रेनले पर्याप्त हवाई रक्षा उपकरण पाएको भए र रुसी आतंकको प्रतिरोध गर्ने विश्वको दृढ संकल्प पर्याप्त भएको भए यस्तो हुने थिएन,' जेलेन्स्कीले सामाजिक सञ्जालमा भनेका छन्।

उनको टिप्पणीले अन्य देशहरूलाई मुख्य पूर्वाधारहरूमा व्यवस्थित रूसी आक्रमणहरू रोक्न थप परिस्कृत हवाई रक्षा प्रणालीहरू आपूर्ति गर्न आग्रह गरेको छ। लोमाकोले पूर्वाधार सुविधामा प्रत्यक्ष प्रहार भएको र बुधबारको आक्रमणमा आठ तले भवन नराम्ररी क्षतिग्रस्त भएको तर ऊर्जा उत्पादनसँग सम्बन्धित नभएको उनको भनाइ छ। फेब्रुअरी २०२२ मा बेलारूसी क्षेत्रबाट रुसी टयांकहरू युक्रेनमा प्रवेश गर्दा पनि यस सहरका धेरै भवनहरू क्षतिग्रस्त भएका थिए।

युक्रेनी राष्ट्रपतिको कार्यालयका प्रमुख एन्ड्री यर्माकले सामाजिक सञ्जालमा दिएको सन्देशमा जेलेन्स्कीको टिप्पणीलाई प्रतिवाद गरेका छन्। 'आतंक रोक्नै पर्छ। युक्रेनलाई अहिले हवाई र क्षेप्यास्त्र प्रतिरक्षा चाहिन्छ,' उनले भने। चेर्निगिभ युक्रेनको राजधानी, किभबाट लगभग १४५ किलोमिटर उत्तरमा अवस्थित छ, र युद्धपूर्व यहाँको जनसंख्या लगभग दुई लाख ८५ हजार थियो। *रासस/एएफपी*

# आम आद्मीको रामराज्य बुझाउने वेबसाइट सार्वजनिक




**नयाँदिल्ली–** आसन्न लोकसभा निर्वाचनको तयारीका क्रममा राम नवमीका अवसर पारेर आम आद्मी पार्टीले 'आपका रामराज्य' नामक वेबसाइटको शुभारम्भ गरेको छ।

भगवान् रामको रामराज्यको प्रेरणाबाट भारतको दिल्ली र पञ्जाबमा राम्रो काम भएको प्रदर्शन गर्ने ध्येयले सञ्चालनमा ल्याइएको वेबसाइट शुभारम्भका लागि आयोजित पत्रकार सम्मेलनमा सो पार्टीका वरिष्ठ नेता सञ्जय सिंह, अतिषी, सौरभ भारद्वाज र जस्मिन शाहले सम्बोधन गरेका थिए। सांसद सिंहले आफ्नो पार्टीको सरकारले गत १० वर्षमा रामराज्य महसुस हुनेगरी काम गरेको जिकिर गर्दै यी उदाहरणलाई विश्वमाझ प्रस्तुत गरिएको बताए।

सो पार्टीले जनमतका आधारमा अरविन्द केजरीवालको नेतृत्वमा दिल्ली र भगवन्त मानको नेतृत्वमा पञ्जाबमा सरकार सञ्चालन गरिरहेको छ। 'दिल्ली एकमात्र त्यस्तो राज्य हो, जहाँ धेरै काम हुँदा हुँदै पनि नाफामूलक बजेट कार्यान्वयनमा रहेको छ। यसबाट हामी हाम्रो रामराज्यको सोचलाई कार्यान्वयन तहमा पूरा गराउन प्रतिबद्ध छौं भन्ने देखिएको छ,' नेता सिंहले भने, 'जसले हाम्रो रामराज्य हेर्न चाहन्छन्। उनीहरूले यो वेबसाइट हेर्नैपर्छ। दिल्ली र पञ्जाबमा हामीले के गर्‍यौं भन्ने सबै कुरा यहाँबाट पाउन सकिन्छ।'

सो पार्टीका नेता अतिषीले भगवान् रामले रामराज्यका लागि धेरै संघर्ष गर्नुपरेको उल्लेख गर्दै केजरीवालले जनतामाझ आफ्ना प्रतिबद्धता पूरा गर्न पनि दिल्ली र पञ्जाबमा त्यस्तै संघर्ष गर्नुपरेको बताए। उनले भने, 'भगवान् रामले १४ वर्षको निर्वासित जीवन बिताए तर उनले आफ्नो सत्यको संकल्प तोड्नु भएन। केजरीवाल त्यस्तै संघर्षको चरणबाट अघि बढ्नुभएको छ। यस वेबसाइटबाट हामी देशका जनतालाई यदि सही ठाउँमा जनताले मत दिएमा जीवनस्तर परिवर्तनका लागि हामी के गर्छौं भनेर देखाउन खोजेका छौं।' *रासस/एएनआई*

# पाकिस्तानमा वर्षाजन्य दुर्घटनामा ७१ को मृत्यु, ६७ घाइते

**इस्लामावाद–** भारी वर्षासहितको मौसमी विचलनले शनिबारदेखि पाकिस्तानका विभिन्न क्षेत्रमा विनास मच्चाएको छ। विनासका कारण ७१ जनाको मृत्यु हुनुका साथै ६७ जना घाइते भएको एक अधिकारीले बुधबार सिन्ह्वालाई बताएका छन्।

राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) का अधिकारीका अनुसार उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्त सबैभन्दा बढी प्रभावित क्षेत्र बन्यो, जहाँ घटनाका कारण ३२ जनाको ज्यान गएको थियो।

अधिकारीका अनुसार खैबर पख्तुनख्वामा मृतकमध्ये १५ जना बालबालिका र पाँच महिला छन्। घाइते हुनेमा ४१ जना रहेका छन् भने एक हजार ३७० घरहरू क्षतिग्रस्त भएका छन्।

यसैगरी पूर्वी पञ्जाब प्रान्तमा २३ जनाको ज्यान जानुका साथै सात जना घाइते भएका छन्। दक्षिण-पश्चिम बलुचिस्तान प्रान्तमा आठ जनाको मृत्यु भयो भने अन्य आठ जना घाइते भएको अधिकारीले बताए।

कश्मीरमा भारी वर्षाका कारण कम्तीमा आठ जनाको मृत्यु हुनुका साथै ११ जना घाइते भएका छन् भने ४७ वटा घरहरू ध्वस्त भएका छन्। *रासस/सिन्ह्वा*

# नासाले मंगल ग्रहका नमूनाहरू फिर्ता गर्न नयाँ डिजाइन खोज्ने

**लस एन्जलस–** अमेरिकी अन्तरिक्ष संस्था (नासा)ले मंगल ग्रहबाट पृथ्वीमा मूल्यवान नमूनाहरू (सेम्पल) फिर्ता गर्न नवीन डिजाइनहरू खोजिरहेको छ। मंगल ग्रहबाट नमूना फिर्ता विगत दुई दशकदेखि अन्तर्राष्ट्रिय ग्रह अन्वेषणको दीर्घकालीन लक्ष्य हो।

सन् २०२१ मा मंगल ग्रहमा अवतरण गरेदेखि नै नासाको 'पर्सेभेरेन्स रोभर' (नासाको चलिरहेको मंगल सन् २०२२ मिसनको एक भागको रूपमा मंगल ग्रहमा अवतरण गर्नका लागि नवीनतम रोबोटिक अन्वेषक)ले पछिको संकलन र पृथ्वीमा फर्किनका लागि नमूना संकलन गरिरहेको छ।

हालको 'मिसन डिजाइन'ले सन् २०४० सम्ममा सबै नमूनाहरू फिर्ता गर्ने नासाले जनाएको छ। नासाले कम लागतमा मुख्य नमूनाहरू पृथ्वीमा फर्काउने महत्त्वाकांक्षी लक्ष्य हासिल गर्न र प्रविधिको लाभ उठाउने योजनाको विकासमा काम गर्न आग्रह गरिरहेको छ।

नासाले चाँडै नै उद्योगबाट वास्तुकला प्रस्तावहरू माग गर्ने बताएको छ, जसले सन् २०३० सम्ममा नमूनाहरू फिर्ता गर्न सक्ने छ। यसले लागत, जोखिम र मिसनको जटिलता कम गर्छ। नासाका प्रशासक बिल नेल्सनले सुरक्षित अवतरण र नमूनाहरू संकलन र अर्को ग्रहबाट नमूनाहरू लिएर रकेट प्रक्षेपण गर्ने सानो काम नभएको बताउँदै आफूहरूले अगाडिको बाटो खोज्न नयाँ विकल्प सोच्नुपर्ने बताए। *रासस/सिन्ह्वा*

# गाजाको शरणार्थी शिविरमा आक्रमण

## सात बालबालिकासहित १३ जनाको मृत्यु

**गाजासिटी (इजरायल)–** मध्यगाजाको अल-मघाजी शरणार्थी शिविरमा मंगलबार भएको आक्रमणमा सात बालबालिकासहित १३ जनाको मृत्यु भएको छ। आक्रमणमा २५ जनाभन्दा बढी घाइते भएको अल-अक्सा सहिद अस्पताल अधिकारीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ।



प्रत्यक्षर्शी निहाद ओवादेतल्लाहबाट प्राप्त भिडियोमा आक्रमणपछि धेरै मृत मानिसहरू भुइँमा लडिरहेको देखाएका थिए। यसैगरी धेरै मानिस आतंकित भएर वरिपरि दौडिदै चिच्याइरहेका छन् र शवको व्यवस्थापन गर्न लागिरहेका देखिन्छन्।

सिएनएनसँग कुरा गर्दै शिविरमा बस्ने ओवेदातल्लाहले आफ्नो शिविरबाट ३०-४० मिटर टाढा विष्फोट भएको बताउँदै आक्रमणपछि भुइँमा फचाँकिएको शव फेला पारेको तथा मानिस चिच्याइरहेको बताए।

अल-अक्सा सहिद अस्पतालबाट सिएनएनबाट खिचिएको फुटेजमा आकस्मिक कक्ष हताहत र घाइते व्यक्तिले भरिएको देखिन्छ। सिएनएनको रिपोर्टअनुसार परिवारका सदस्य आफ्ना प्रियजनको शव नजिक जम्मा भइरहेका थिए, तिनीहरूलाई समातेर रोइरहेका थिए। अस्पतालको भिडियोमा परिवारले आफ्ना प्रियजन पहिचान गर्ने प्रयास गरिरहेको देखिन्छ।

'कसैसँग कुनै सम्बन्ध छैन, उनीहरू नागरिक हुन् कृपा गर तिमीहरूले बच्चाहरूलाई मार्दै छौं, सेना वा लडाकुलाई नभई सडकमा शान्तिपूर्वक खेलिरहेका बालबालिकाहरूलाई मार्दै छौं,' अर्का प्रत्यक्षदर्शीले भने।

अस्पताल बाहिर, मानिस प्रियजन गुमाएको पीडा सहन नसकी कराउँदै दुःखका साथ दर्जनौं मानिसले मृतकलाई गाड्नुअघि आँगनमा प्रार्थना गरेका थिए। इजरायल र हमासबीच अक्टोबरमा युद्ध सुरु भएदेखि गाजामा १० हजारभन्दा बढी महिला मारिएको मंगलबार प्रकाशित युएन वुमनको रिपोर्टमा उल्लेख छ। रिपोर्टमा युद्धको छ महिनामा गाजामा १० हजार प्यालेस्टिनी महिला मारिएकामध्ये अनुमानित छ हजार आमा मारिँदा १९ हजार बालबालिका अनाथ भएको सिएनएनले जनाएको छ।

प्रतिवेदनका अनुसार द्वन्द्वका कारण गाजापट्टीमा १० लाखभन्दा बढी प्यालेस्टिनी महिला तथा बालबालिका खाना, पिउने पानी नभएका कारण 'विनासकारी भोकमरी'को सामना गरिरहेका छन्, जसले उनीहरूको जीवनलाई थप जोखिममा पार्ने खतरा सिर्जना गरेको छ। उनीहरूले शौचालयको पहुँचसमेत पाएका छैनन्। गाँजामा पछिल्लो समयमा प्रत्येक १० मिनेटमा एक बच्चा घाइते वा मृत्यु हुन्छ।

यसैबीच इजरायली रक्षा बलले गाजामा नागरिकको क्षति कम गर्ने प्रयास गरिरहेको बताएको छ। *रासस/एएनआई*

# चार अर्ब अमेरिकी डलरभन्दा बढी विदेशी लगानी आकर्षित गर्ने श्रीलंकाको योजना

**कोलम्बो (श्रीलंका)–** श्रीलंकाली सरकारले सन् २०२४ मा चार अर्बदेखि साढे चार अर्ब अमेरिकी डलरको विदेशी लगानी आकर्षित गर्ने अपेक्षा गरेको छ। त्यहाँका लगानी प्रवर्द्धन राज्यमन्त्री दिलुम अमुनुगामाले सन् २०२३ मा श्रीलंकाले १.५ अर्ब डलरको लक्ष्य राखेकोमा १.८ अर्ब डलरको विदेशी लगानी आकर्षित भएको बताए।

उनले देशले अन्तर्राष्ट्रिय मुद्रा कोषसँग सम्झौता गरेपछि विदेशी लगानी उल्लेखनीयरूपमा बढेको बताए। श्रीलंकामा राजनीतिक र आर्थिक अस्थिरताका कारण सन् २०२२ र २०२३ को पहिलो अर्धवार्षिकमा विदेशी लगानी घटेको उनले बताए। *रासस/सिन्ह्वा*


# वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १३९२०० | प्रति तोला - १३८५५० | प्रति तोला - १७१५ |



**गुराँसको जंगलमा रमाउँदै पर्यटक** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीस्थित गुराँसको जंगल अवलोकन गर्दै पर्यटक । ढकमक्क लालीगुराँस फुलेर रंगिएको घोडेपानीमा पर्यटकको चहलपहल बढेको छ । *तस्बिरः सन्तोष गौतम/रासस*

अर्थमन्त्री पुनको अमेरिका भ्रमण

# विश्व बैंकका दुई उपाध्यक्षसँग भेटवार्ता, अमेरिकी लगानीकर्ताहरूसँग छलफल

■ प्रभाव संवाददाता



**वासिङ्टन डिसी-** अमेरिका भ्रमणमा रहेका अर्थमन्त्री वर्षमान पुन विभिन्न भेटघाट तथा कार्यक्रममा व्यस्त छन् । यसैक्रममा बुधबार उनले नेपालमा यसै महिना हुन लागेको लगानी सम्मेलनका सम्बन्धमा अमेरिकी लगानीकर्ताहरूसँग छलफल गरेका छन् । लगानी सम्मेलनमा सहभागी भई लगानीका अवसरहरू पहिचान गर्न उनले सो क्रममा अमेरिकी लगानीकर्ताहरूलाई आग्रह गरेका छन् ।

अर्थमन्त्री पुनले अमेरिकी चेम्बर अफ कमर्सद्वारा वासिङ्टन डिसीमा आयोजना गरेको राउण्ड टेबल छलफलमा सो आग्रह गरेका हुन् । कार्यक्रममा अमेरिकी सहयोग नियोगकी उपसहायक प्रशासक अञ्जली कौर, अमेरिकाका लागि नेपालका राजदूत श्रीधर खत्री, अमेरिकी चेम्बर अफ कमर्सको दक्षिण एसियाका लागि वरिष्ठ उपाध्यक्ष अतुल कश्यपलगायतले नेपालको उक्त लगानी सम्मेलनको बारेमा धारणा राखेका थिए । सो कार्यक्रममा नेपालमा लगानी गरिरहेका अमेरिकी कम्पनीहरूको समेत सहभागिता रहेको थियो । नेपालमा वैदेशिक लगानी भित्र्याउने अभिप्रायले गर्न लागिएको तेस्रो लगानी सम्मेलन यही वैशाख १६ र १७ गते आयोजना गरिएको छ ।

### विश्व बैंकका दुई उपाध्यक्षसाग भेटवार्ता

अर्थमन्त्री पुनले विश्व बैंकका उपाध्यक्षद्वय आकिहिको निसिओ र ग्वाङ्फे चेनसँग भेटवार्ता गरेका छन् । आकिहिको निसिओ विश्व बैंकका विकास वित्त (डिएफआई) परिचालन र ग्वाङ्फे चेन पूर्वाधार क्षेत्र हेर्ने उपाध्यक्ष हुन् । दुवै उपाध्यक्षसँग मन्त्री पुनले वासिङ्टन डिसीस्थित विश्व बैंक मुख्यालयमा मंगलबार राति भेटवार्ता गरेका उनको सचिवालयले जनाएको छ । अमेरिकी अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी)का उपाध्यक्ष रिकार्डो पुलिटीसँग पनि अर्थमन्त्री पुनले भेटवार्ता गरेका थिए ।

सो अवसरमा अर्थमन्त्री पुनले विश्व बैंकका उपाध्यक्ष आकिहिको निसिओसँग आगामी जुनमा काठमाडौंमा विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संघ (आइडिए-२१)को बैठक गर्ने नेपालको प्रस्ताव स्वीकार गरेकामा धन्यवाद दिए । सो बैठकको राम्रो तयारी भइरहेको भन्दै त्यसका लागि काठमाडौंस्थित विश्व बैंकको देशीय कार्यालयसँग समन्वय गरिरहेको बताए । उनले नेपालमा सहुलियतपूर्ण कर्जा वा अनुदानमार्फत लगानीका थप क्षेत्र पहिल्याउन आग्रह गरे ।

नेपालजस्ता विकासोन्मुख देशका लागि भरपर्दो माध्यम बनाउन सकिने भन्दै मन्त्री पुनले पछिल्लो दशकमा दूरसञ्चार, यातायात, स्वच्छ ऊर्जाजस्ता क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धि विश्व समुदायले हेर्नलायक भएको उल्लेख गरे । नेपाल सरकार र १६ विकास साझेदारले सन् २०२१ मा संयुक्तरूपमा अनुमोदन गरेको हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) का लागि रणनीतिक कार्ययोजना समावेश गरिएको काठमाडौंघोषणापत्रकोमार्गनिर्देशनमा अघि बढेको उनले जानकारी दिए । सो घोषणापत्रको अवधारणाअनुसार आगामी वर्ष पहिलो हरित उत्थान र समावेशी विकास कार्यक्रम अन्तर्गतको (ग्रिड डिपिसी) कार्यान्वयन गर्न लागिएको उनको भनाइ थियो ।

मन्त्री पुनले एक हजार ६३ मेगावाटको माथिल्लो अरुण अर्धजलाशययुक्त आयोजना र ६३५ मेगावाटको दूधकोशी जलाशययुक्त आयोजनामा विश्व बैंकले लगानी गर्न देखाएको तत्परताका लागि प्रशंसा गरे । विश्व बैंकको पूर्वाधार क्षेत्र हेर्ने उपाध्यक्ष ग्वाङ्फे चेनसँग भएको भेटमा मन्त्री पुनले नेपालले पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखेको बताए । सरकारका तर्फबाट ऊर्जा, यातायात र सहरी पूर्वाधार केन्द्रित योजनामा जोड दिइएको उनको भनाइ थियो ।

उनले गत सातामात्र दुई ठूला जलविद्युत आयोजनाहरू माथिल्लो अरुण र दूधकोशीको वित्तीय ढाँचाबारे विश्व बैंकका काठमाडौंस्थित अधिकारीहरूसँग भएको 'राउण्ड टेबल' बैठक फलदायी भएको भन्दै छिट्टै वित्तीय व्यवस्थापनको टुंगो लाग्नेमा आशा व्यक्त गरे । दुवै आयोजना नेपालको 'गेम चेन्जर' भएको बताउँदै उनले ती अयोजनाको विकासले नेपालको ठूला पूर्वाधार निर्माण क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गरे । आगामी असारभित्रमा माथिल्लो अरुण जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन हुनेमा आफूहरू ढुक्क रहेको उनले उल्लेख गरे ।

आइएफसीका उपाध्यक्ष पुलिटीसँगको भेटमा मन्त्री पुनले आगामी दिनमा आइएफसी र नेपालबीचको सहकार्य थप प्रगाढ र सुदृढ भएर जाने विश्वास व्यक्त गरे । नेपाल र आइएफसीबीच पाँच दशक लामो सहकार्य रहेको स्मरण गर्दै मन्त्री पुनले नेपालको पर्यटन क्षेत्रमा आइएफसीले पहिलोपटक लगानी गरेको बताए ।

निजी क्षेत्रसँग सम्बन्धित भएर नेपालको आर्थिक विकास प्रयास तथा पुँजीको व्यवस्थापनमार्फत निजी क्षेत्रको विकासमा आइएफसीले गरेको सहयोग सराहनीय रहेको उनको भनाइ थियो । उनले आगामी दिनमा लगानीका क्षेत्र बढाउन तथा पुँजी परिचालन तथा प्राविधिक सहयोग बढाउन पनि अपिल गरे ।

नेपालको पर्यटन, ऊर्जा, यातायात र कृषि क्षेत्रमा आइएफसीको सहयोग रहँदै आएको उनले बताए । आगामी दिनमा नेपालमा सूचना प्रविधि क्षेत्रका लागि लगानीको राम्रो वातावरण रहेको मन्त्री पुनको भनाइ थियो । सानो अर्थतन्त्र भएका कारण लगानीयोग्य पुँजी रहेकाले वैदेशिक लगानीका स्वागत गर्ने नीति अख्तियार गरिएको मन्त्री पुनले बताए । निजी पुँजी परिचालन बढाउन, थप रोजगारीका अवसर सिर्जना गर्न तथा आर्थिक गतिविधि र वित्तीय पहुँच बढाएर जनताको जीवनस्तर उकास्न सरकार लागिपरेको मन्त्री पुनले उल्लेख गरे ।

तीनवटै भेटमा पुनले वैदेशिक लगानी भित्र्याउन यही वैशाख १६ र १७ मा काठमाडौंमा हुन गइरहेको तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन आयोजना गरिएको भन्दै त्यसमा उच्चस्तरको सहभागिताको अपेक्षा राखिएको बताए । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वसन्तकालीन बैठकमा सहभागी हुन मन्त्री पुन सोमबार बिहान अमेरिका प्रस्थान गरेका थिए ।

# रोहिणी खोला किनारमा पेट्रोलियम भण्डारण गृह निर्माण प्रक्रिया अघि बढ्यो



**भैरहवा-** नेपाल आयल निगमले रूपन्देहीको रोहिणी खोला किनारमा पेट्रोलियम भण्डारण गृह निर्माण प्रक्रिया अघि बढाएको छ । रूपन्देहीको ओमसतिया र रोहिणी गाउँपालिकाको सीमा क्षेत्रस्थित रोहिणी खोला किनारमा तटबन्ध निर्माण र जमिन पुर्ने कार्यको थालनी गरिएको छ ।

ओमसतिया गाउँपालिकाका अध्यक्ष मञ्जितकुमार यादव र रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले संयुक्तरूपमा बुधबार उक्त कार्यको शुभारम्भ गरे । रूपन्देहीको भलबारी डिपोको भण्डारण क्षमता कम भएको तथा बस्तीनजिक रहेकाले निगमले खरिद गरेको १३.५ बिघा जग्गामा नयाँ भण्डारण गृह निर्माण गर्न लागिएको निगमले जनाएको छ । सो भण्डारण लुम्बिनी प्रदेशको २० दिनको माग धान्नेछ । निगमले पेट्रोलियम पदार्थको भण्डारण क्षमता अभिवृद्धिका लागि देशका विभिन्न स्थानमा भण्डारण गृह निर्माण गर्दै आएको छ ।

कार्यक्रममा रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसादले परियोजना निर्माणमा स्थानीय सरकारले पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै निगमले स्थानीयवासीको चासो सम्बोधन गरिदिनुपर्नेमा जोड दिए । ओमसतिया गाउँपालिकाका अध्यक्ष मञ्जितकुमारले स्थानीय जनतालाई रोजगारी दिने तथा यस क्षेत्रको विकासमा ध्यान दिन आग्रह गरे ।

करिब तीन अर्ब रूपैयाँ लागतमा निर्माण गर्न लागिएको भण्डारण गृह निर्माण परियोजनाका संयोजक प्रदीप यादवले जानकारी दिए । सो स्थानमा डिजेल भण्डारणका लागि दुई हजार १०० किलोलिटर क्षमताका तीन, पेट्रोल भण्डारणका लागि एक हजार ६०० किलोलिटर क्षमताका दुई र मट्टितेल भण्डारणका लागि ७० किलोलिटर क्षमताका तीन वटा ट्यांक निर्माण गरिने छ ।

भण्डारण निर्माण भएसँगै हालको भलबारी डिपो यहाँ सर्ने छ । भण्डारण डिपोलाई बाढीबाट जोगाउन दुई मिटर अग्लो बाँध निर्माण गरी जमिन पुरिने परियोजना संयोजक यादवले जानकारी दिए । आगामी असारसम्म तटबन्ध लगाउने र जमिन पुर्ने काम सम्पन्न गरिने जानकारी दिँदै उनले असोजभित्र परियोजनाको डिजाइन सम्पन्न गरिने बताए ।

परियोजनाको डिजाइन काठमाडौं विश्वविद्यालयले गर्ने छ । आगामी मंसिरमा भण्डारण परियोजना निर्माणको शिलान्यास गर्ने र वि.सं. २०८३ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ । काठमाडौं विश्वविद्यालयका प्राध्यापक विवेक बरालले विश्वविद्यालय र निगमबीच लामो समयदेखि सहकार्य रहँदै आएको उल्लेख गर्दै मुलुकको ऊर्जा सुरक्षाका लागि भण्डारण गृह निर्माण महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे । *रासस*

# 'पशिमना उद्योगको प्रवर्द्धनमा सरकार प्रतिबद्ध'

**काठमाडौं (प्रस)-** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले पशिमना उद्योगको उत्पादन र निर्यात प्रवर्द्धनका लागि सरकारले निजी क्षेत्रसँग सहकार्य गर्नुपर्नेमा जोड दिएका छन् ।

पशिमना फाइबर प्रशोधनसम्बन्धी तालिमका सहभागीलाई बुधबार ललितपुरमा प्रमाणपत्र वितरण गर्दै उनले पशिमना उद्योगका क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार तयार रहेको बताए । नेपालबाट निर्यात हुने महत्त्वपूर्ण उत्पादनमध्ये च्यांग्राको भुवाबाट बन्ने पशिमना पनि रहेकाले यस क्षेत्रका लागि आवश्यक पूर्वाधार निर्माण र अन्य क्षमता विकासका कार्यमा सहयोग गर्न सरकार तयार रहेको मन्त्री भण्डारीले उल्लेख गरे । उनले फाइबर प्रशोधन केन्द्रको निरीक्षण गरी पशिमना फाइबर प्रशोधनको प्रक्रियाबारे जानकारी लिएका थिए । पशिमना व्यवसायी र च्यांग्रा किसानको संयुक्त लगानीमा ललितपुरको हरिसिद्धिमा निर्माण भएको पशिमना प्रशोधन केन्द्रले किसानबाट च्यांग्राका भुवा संकलन र प्रशोधन गरी पशिमना उद्योगलाई आपूर्ति गर्दै आएको छ ।

पशिमना फाइबर प्रशोधनसम्बन्धी सीप सिकाउने उद्देश्यले ललितपुर तथा काठमाडौंका स्थानीय महिलालाई उत्पादन तालिम दिएको हो । सत्र दिनसम्म सञ्चालन भएको तालिममा २० जना सहभागी थिए । उक्त अवसरमा नेपाल पशिमना उद्योग संघका अध्यक्ष विजय दुगडले पशिमना फाइबर प्रशोधन केन्द्रको स्थापनाबाट पशिमना व्यवसायीले लाभ उठाइरहेको जनाउँदै सरकारले पशिमना उत्पादन वृद्धि गर्न पूर्वाधार निर्माण र निर्यात अभिवृद्धिमा सहयोग गर्न आग्रह गरे । संघका उपाध्यक्ष धनप्रसाद लामिछानेले पशिमना क्षेत्रमा देखिएका समस्याबारे चर्चा गरेका थिए ।

# तातोपानी नाका सञ्चालनको दिगोपनाबारे चिन्ता

**सिन्धुपाल्चोक (प्रस)-** पुरानै लयमा फर्केको नेपाल-चीनबीचको व्यापारिक तातोपानी नाका पुग्ने अरनिको राजमार्गबारे सम्बद्ध सबैले चिन्ता व्यक्त गरेका छन् । सिन्धुपाल्चोक क्षेत्र नं १ बाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिसभा सदस्य माधव सापकोटाको अग्रसरतामा बुधबार तातोपानी भन्सार कार्यालयमा भएको सर्वपक्षीय छलफलमा बाह्रबिसेदेखि लिपिङसम्मको सडक मर्मत हुन नसक्दा नाका सञ्चालनको दिगोपनाबारे चिन्ता व्यक्त गरिएको छ ।

संघदेखि स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, भन्सार प्रमुख, अध्यागमन, क्वारेन्टिन, उद्योग वाणिज्य संघ र स्थानीयको उपस्थितिमा तातोपानी नाका सञ्चालन तथा चुनौतीबारे छलफल भएको हो ।

लामो समय बन्द रहेर गत भदौ १५ गतेदेखि मानवसहित दोहोरो आवतजावत खुलेको नाकाको सञ्चालन र चुनौतीबारे पूर्वबजेट छलफल तथा वर्षात्को समय सुरु हुन लागेकाले छलफल राखिएको उनले जानकारी दिए ।

प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा नाका पुग्ने सडकको स्तरोन्नति चीनले गरिदिने विषयमा भएको सहमतिका सन्दर्भमा चिनियाँ पक्षसँग छलफल भएको जानकारी दिँदै सांसद सापकोटाले सडक विभागले बनाएको डिपिआरअनुसार सडक स्तरोन्नति गरिदिन आग्रह गरिएको बताए । चीनले नेपालले तयार गरेको डिपिआरअनुसार काम गरेर सडक हस्तान्तरण गर्ने अवस्था नभएमा अर्थ मन्त्रालयबाट बजेट विनियोजन गरेर सडक स्तरोन्नति गरिने उनको भनाइ छ । सडक स्तरोन्नति, नाकामा अध्यागमनसहितको एकीकृत भवन, नेपालतर्फ स्वागतद्वारका विषयमा आफूले गम्भीरतापूर्वक अग्रसरता लिएर काम गरिरहेको सांसद सापकोटाले जानकारी दिए ।

जुरेदेखि लिपिङखण्डलाई प्राथमिकता दिएर काम गर्न सडक विभागलाई सुझाव दिँदै उनले कोदारीको इको पहिरो क्षेत्र, डाक्लाङ क्षेत्र, जुरे र बाह्रबिसे क्षेत्रमा सडक सञ्चालन गर्ने साधन तयारी अवस्थामा राख्न निर्देश गरे । सांसद सापकोटाले सडक विभागका अधिकारीलाई तत्कालीन र दीर्घकालीन प्राथमिकताअनुसार काम गर्न सुझाव दिए ।

भोटेकोसी गाउँपालिकाका अध्यक्ष पासाङनोर्बु शेर्पाले स्थानीय सरकारले नाका सञ्चालनका लागि सहजीकरण गरिरहेको बताए । अर्बौंको राजस्व उठाउने तातोपानी नाकालाई राज्यले गाईको दूध खाएर स्याहार नगरेजस्तो भएको गुनासो गरे । उनले आगामी वर्षसम्म पनि सडक सुधार नभए नाका सञ्चालनमा कठिनाइ हुनसक्ने भन्दै चिन्ता व्यक्त गरे ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ